बागमती प्रदेश सभा

# शिक्षा, स्वास्थ्य तथा कृषि समिति


# वार्षिक प्रतिवेदन ,२०८२




शिक्षा, स्वास्थ्य तथा कृषि समितिको सचिवालय

हेटौँडा , मकवानपुर

# शिक्षा, स्वास्थ्य तथा कृषि समितिका माननीय सदस्यहरु



सभापति

मा.ठाकुर प्रसाद ढकाल



सदस्य
मा.इश्वर सापकोटा



सदस्य
मा.उत्तम जोशी



सदस्य
मा.उर्मिला कुमारी लामा



सदस्य
मा.एकालाल श्रेष्ठ



सदस्य
मा.कुमारी मुक्तान



सदस्य
मा.गिता गुरुङ



सदस्य
मा.छेत्रबहादुर बम्जन



सदस्य
मा. तिर्थ बहादुर लामा



सदस्य
मा. बिन्दु श्रेष्ठ



सदस्य
मा.मिना पराजुली पोखरेल



सदस्य
मा.रघुनाथ महर्जन



सदस्य
मा.रमा आले मगर



सदस्य
मा.रामकुमार पहाडी



सदस्य
मा.लक्ष्मी घिमिरे



सदस्य
मा.शकुन्तला श्रेष्ठ



सदस्य
मा.शुष्पा भुजेल न्यौपाने



सदस्य
मा.समिता खड्गी




सदस्य
मा.सुनिल के.सी



सदस्य
मा.सुरेश श्रेष्ठ



सदस्य
मा.सृजना सायजु




सदस्य
मा.हरि प्रसाद सापकोटा



समिति सचिव
श्री प्रेमचन्द्र अर्याल

# मन्तव्य



**माननीय सभामुख महोदय,**

प्रदेश सभा नियमावली, २०७४ बमोजिम प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि प्रदेश सभामा संविधानको धारा १९३ बमोजिम गठित विभिन्न समिति मध्ये शिक्षा, स्वास्थ्य तथा कृषि समिति पनि एक हो। प्रदेश सभाको दोश्रो कार्यकालको शिक्षा, स्वास्थ्य तथा कृषि समितिको छैठौँ वार्षिक प्रतिवेदन यस सम्मानित सभामा पेश गर्न पाउँदा खुसि लागेको छ। प्रदेश सरकारले पेश गरेको विधेयक, सरकारको नीति तथा वार्षिक कार्यक्रम, प्रदेश सरकारको बजेट तथा प्रदेश सरकारले प्रत्यायोजित व्यवस्थापन अन्तर्गत तर्जुमा गरेको नियमावली, निर्देशिका, कार्यविधिहरु एवं सरकारको कार्यक्रमहरुलाई समितिहरुले संविधान तथा ऐन बमोजिम छ छैन हेर्ने, संशोधन गर्ने र समितिहरुमा जिम्मेवार व्यक्तिहरुलाई उपस्थित गराएर छलफल गर्ने र आवश्यक राय सल्लाह, सुझाव वा निर्देशन दिन सक्ने भएकोले समितिहरुलाई Mini Parliament समेत भनेर चिनिन्छ।

**माननीय सभामुख महोदय,**

यस समितिमा प्राप्त भएका विधेयकहरु माथि सरोकारवालाहरुसँग तथा विज्ञहरुसँग अन्तरक्रिया कार्यक्रम संचालन गर्ने गरिएको छ। तत्पश्चात विधेयकमाथि दफावार छलफल हुने गरेको, दफावार छलफलमा संशोधन पेश गर्नुहुने माननीय सदस्यहरुलाई बैठकमा उपस्थित गराउने गरिएको छ। समितिले आफ्नो कार्य सम्पादनको क्रममा सरकारले सुरु गरेको दिगो विकास निर्माणको कार्यमा, सरकारले बागमती प्रदेशलाई गुणस्तरिय कृषि उत्पादनलाई आधुनीकीकरण, व्यवसायीकरण, वैज्ञानिकीकरण गरि सेवा सुविधामा तथा समय समयमा परिस्थितिजन्य अन्य आवश्यक कार्यमा र समितिले अध्ययन अनुगमन गरी सरकारलाई

आवश्यकता अनुसार निर्देशन, राय वा सल्लाह सुझाव दिने कार्यमा समेत यो समिति सदैव सक्रिय रहेको छ र आगामी दिनहरुमा अझ सक्रिय हुने विश्वास दिलाउन चाहन्छु।

**माननीय सभामुख महोदय,**

समितिले गरेका काम र दिनु पर्ने सुझावहरु प्रतिवेदनमा विस्तृत रुपमा राखिएको छ। यहाँ म मुख्य मुख्य कुराहरु वाचन गर्ने अनुमती चाहन्छु नेपालको संविधानले समृद्ध नेपाल सुखि नेपाली बनाउने उद्देश्यका साथ समाजवादको आधार निर्माण गर्ने लक्ष्य लिए बमोजिम पारदर्शिता, जवाफदेहिता र संघीयताको संस्थागत विकासको लागि प्रदेश सरकारलाई उचित ऐन, नियम र कार्यक्रम कार्यान्वयन गर्न समितिले आफ्नो भूमिका खेलिरहेकै छ।

समितिले आफ्नो आन्तरिक कार्यविधि २०८० बनाई सोहि अनुसार समितिको बैठक तथा अन्य कार्यहरु गर्ने गरिएको छ।

यस आ.व.मा समितिमा विज्ञान प्रविधि नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संसोधन गर्न बनेको विधेयक, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक यस समितिबाट पारित भएका छन।हामीले अझ धेरै कानुनहरु तर्जुमा गर्नुपर्ने देखिन्छ। आवश्यक कानुन तर्जुमाको लागि सरकारले पहलकदमी लिनुपर्ने देखिन्छ।

समितिले हालसम्म गरेका कार्यहरु, मन्त्रालय र मन्त्रालय अन्तर्गतका निकायहरुबाट प्राप्त विवरण र अध्ययन अनुगमनको आधारमा यो प्रतिवेदन तयार गरी प्रदेश सभामा पेश गर्ने निर्णय भए अनुसार यो प्रतिवेदन पेश गरेको छु। यो प्रतिवेदनले प्रदेश सरकारलाई योजना तर्जुमामा सहयोग पुग्ने विश्वास लिएको छु।

**माननीय सभामुख महोदय,**

समितिको बैठकमा सक्रियताका साथ भाग लिई समितिको कार्य सम्पादनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने समतिका माननीय सदस्यहरुको उच्च प्रशंसा गर्दछु। यस अवधिमा प्रदेश सभाका माननीय सभामुख र माननीय उपसभामुखबाट आएका राय सुझावको लागि आभार प्रकट गर्दछु।यस समितिको आमन्त्रणमा प्रत्यक्ष उपस्थित भएर वा अप्रत्यक्ष रुपमा समेत समितिले मागेको विवरणहरु उपलब्ध गराई सहयोग गर्नु हुने प्रदेश सरकारका सम्बन्धित मन्त्रालय, विभाग एवं निकायका पदाधिकारी, प्रदेश सभाका सचिव तथा समितिका सचिव लगायतका सम्पूर्ण

कर्मचारीहरु र समितिको कामकारवाहीको विषयमा आम नागरिकलाई सुसूचित गर्ने सञ्चार जगतलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु। प्रदेश सभा नियमावलीको नियम १५८ बमोजिम समितिको वार्षिक प्रतिवेदन यस सम्मानित सभामा पेश गर्दछु।

धन्यवाद।

मितिः २०८२ जेठ ३०,

मा.ठाकुर प्रसाद ढकाल
सभापति
शिक्षा, स्वास्थ्य तथा कृषि समिति
बागमती प्रदेश सभा

# विषयसूची


## परिच्छेद—१
## प्रारम्भिक

१.१ परिचय
१.२ शिक्षा, स्वास्थ्य तथा कृषि समिति
१.३ समितिको गठन प्रकृया
१.४ समितिको सचिवालय
१.५ समितिको काम, कर्तव्य र अधिकार
१.६ समितिको कार्यक्षेत्र

## परिच्छेद -२
## सम्पादित कार्य

२.१ समितिले गरेका कार्यहरु
२.१ समितिले हालसम्म गरेका बैठकका निर्णयहरु
२.२ विधायिका कार्य अन्तर्गत समितिमा हालसम्म दफावार छलफल भएका विधेयकहरुको विवरणः-

## परिच्छेद -३
## कार्यक्रम तथा गतिविधि

३.१ अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम

## परिच्छेद - ४
## उपसमिति गठन र कार्यहरु

४.१ कृषि, पशुपन्छी र स्वास्थ्य क्षेत्र अनुगमन उपसमिति
४.२ शिक्षा, युवा तथा खेलकुद क्षेत्र अनुगमन उपसमिति

## परिच्छेद — ५
## समितिको निष्कर्ष

५.१ निष्कर्ष
५.२ सुझावहरुः
५.३ समस्या एवं चुनौतिहरु
अनुसूची-१ माननीयहरुको विवरण
अनुसूची-२ माननीयहरुको समिति बैठकमा उपस्थिति विवरण
अनुसूची-३ समितिबाट पारित विधेयकहरुको प्रतिवेदन
अनुसूची-५ समिति अनुगमनका तस्विरहरु
अनुसूची-६ विधेयकमाथि छलफल तथा समिति बैठकका तस्विरहरु

# परिच्छेद—१
# प्रारम्भिक

## १.१ परिचय

संविधानको धारा १९३, प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ को उपनियम (१) बमोजिम प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि प्रदेश सभामा गठित विभिन्न समिति मध्ये एक महत्वपूर्ण समिति शिक्षा, स्वास्थ्य तथा कृषि समिति हो। यस समितिको कार्यक्षेत्र अन्तर्गत सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय रहेका छन्। तत् मन्त्रालयको कार्य प्रभावकारीता बढाउन निगरानी, निर्देशन, छलफल र सुझाव दिने काम समितिले गर्दछ। कार्यक्षेत्र अन्तर्गतका विषयगत मन्त्रालयको विधेयक सम्बन्धी दफावार छलफल गरि सो सम्बन्धि प्रतिवेदन समितिले तयार गर्दछ।

कार्यक्षेत्रसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्ति हिनामिना भए नभएको अध्ययन अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन दिने काम पनि समितिको जिम्मेवारी भित्र पर्दछ। यस समितिले आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय र निकायसँग सम्बन्धित प्रत्यायोजित व्यवस्थापन, सरकारी आश्वासन, विधेयक उपर दफावार छलफल तथा समयसापेक्ष अन्य आवश्यक विषय र सरकारले गरेका काम कारवाहीको अध्ययन अनुगमन गरी सो सम्बन्धी प्रतिवेदन सभामा पेश गर्ने व्यवस्था गरिएको छ।

मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र यससँग सम्बन्धित क्रियाकलापहरुको मूल्यांकन सम्बन्धमा र सभाबाट प्रत्यायोजित गरिएको व्यवस्थापन अधिकार अन्तर्गत बनेका नियमावली, निर्देशिका र कार्यविधि सम्बन्धमा, मन्त्रिपरिषदका सदस्यहरुले प्रदेश सरकारको तर्फबाट बैठकमा समय समयमा दिएका आश्वासनहरुलाई प्रदेश सरकारद्वारा पूरा भएको वा नभएको तथा सरकारको काम कारवाही सम्बन्धमा अध्ययन अनुगमन गरी तयार गरिएको प्रतिवेदनमा औंल्याइएका

विषयवस्तुहरु सम्बन्धित निकायलाई कार्यान्वयन गर्न आवश्यक निर्देशन, राय सल्लाह समेत दिन सक्ने व्यवस्था गरिएको छ।

## १.२ शिक्षा, स्वास्थ्य तथा कृषि समिति

प्रदेश सभाको कामकारबाहीलाई चुस्त, दुरुस्त र यसको प्रभावकारिता वृद्धि गर्ने उद्देश्यका साथ संसद भित्रैबाट सभाको अभिन्न अंगको रुपमा स्थापित संयन्त्र नै संसदीय समितिहरु हुन् जसलाई **Mini Parliament** को रुपमा समेत परिभाषित गरिएको छ।प्रदेश सभाले सम्पन्न गर्नुपर्ने महत्वपूर्ण, गहन र जटिल कार्यहरु प्रदेश सभाको सदनमा हुने सिमित र औपचारिक छलफल, प्रश्नोत्तर र सरकारी आश्वासनबाट मात्र पूरा हुन सक्दैनन् र प्रदेश सभाको भूमिकालाई वस्तुपरक, यथार्थपरक र निर्णायक बनाई जीवन्त राख्न तथा प्रदेश सभाको कार्य बोझलाई कम गर्न प्रदेश सभाको भूमिकामा प्रतिकूल नहुने गरी जिम्मेवारी वहन गर्न विषयवस्तु समितिहरु गठन भएका छन्।

प्रदेश सभामा प्रवेश गरेका कुनै पनि विषयहरु यस्ता विषयगत समितिहरुमा व्यापक र गहन छलफल हुने, दलीय निर्देशन तथा मतभेदहरु नहुने, विषय विज्ञहरुको उपस्थितिमा छलफल तथा बहस भई निर्णयमा पुग्न सकिने हुँदा यस्ता समितिहरुको भूमिकाले प्रदेश सभालाई बढी जिम्मेवार र जनउत्तरदायी बनाउँछ। यस्ता समितिहरु जनतासँग निकट सम्बन्ध राख्ने हुँदा प्रदेशको वास्तविक अवस्था, जनताका सरोकारका विषयहरु, माग र आवश्यकता, सरकारले संचालन गरेका विकास निर्माण तथा सेवा सुविधा, प्रदेशको समग्र आर्थिक अवस्थाको बारेमा प्रत्यक्ष जानकार रहेका हुन्छन्। प्रदेशको आर्थिक तथा सामाजिक विकास गरी दिगो विकास लक्ष्य हासिल गर्न र जनताका आधारभूत आवश्यकताहरु पूरा गर्दै "समृद्ध नेपाल सुखी नेपाली" को राष्ट्रिय संकल्पलाई सार्थक परिणाममा पुऱ्याउन प्रदेशको क्षेत्र भित्र हावापानी, माटो, सुहाउँदो बालीनाली लगाउन प्रोत्साहन गर्नुपर्ने, मल बीउ बिजन सिँचाइको समयमै व्यवस्थापन हुनु पर्ने, सहकारीको नियमन हुनु पर्ने, प्राविधिक शिक्षालयहरु खोल्नु पर्ने सामुदायिक विद्यालयको शिक्षामा सवलीकरण र शैक्षिक गुणस्तर अभिवृद्दि गर्ने र सर्वसुलभ तरिकाले यस प्रदेश बित्रका अतिविपन्न परिवार पहिचान गरि त्यस्ता वर्गको पहुँचमा औषधोपचारको व्यवस्था लगायत सभाबाट पारित भएका कानुनहरुको अक्षरश पालना हुनु पर्ने देखिन्छ।समितिहरुमा जनप्रतिनिधिहरुको प्रतिनिधित्व हुने तथा विभिन्न विषयका विज्ञहरुसंगको छलफल र विचार विमर्श तथा समिति आफैले अनुगमन र अध्ययन गरी

तयार गरेको प्रतिवेदनले प्रदेशको शिक्षा, स्वास्थ्य, कृषि, युवा तथा खेलकुद क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ। यस्ता समितिहरुले कार्यपालिकाबाट सम्पादित हुने सबै कार्यहरुको नियमित अनुगमन गर्ने, अनियमित कार्यको लेखाजोखा गर्ने, छानविन, अध्ययन, अनुसन्धान गरी प्रतिवेदन पेश गर्ने, समितिका कार्य क्षेत्र भित्रका मन्त्रालयले आफ्नो दायित्व पूरा गरेको छ, छैन हेर्ने, प्रदेश सभाबाट पारित नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन केलाउने र कानून निर्माणको क्रममा प्रदेश सभालाई बढी भन्दा बढी प्रभावकारी बनाउने, प्रत्यायोजित अधिकार अन्तर्गत बनेका नियमावली, निर्देशिका ऐनको उद्देश्य अनुरुप छ छैन हेर्ने र सरकारको तर्फबाट पेश भएका लिखित तथा मौखिक सरकारी आश्वासनहरु पुरा भएको नभएको जस्ता महत्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन। मन्त्रालयहरुबाट कानुनको पालना भए नभएको, जवाफदेहिता र पारदर्शिताको विषय समेत मूल्याङ्कन गर्ने कार्य समितिको दायित्व भित्र पर्दछ।

शिक्षा, स्वास्थ्य तथा कृषि समितिको कार्यक्षेत्र प्रदेशको समग्र शिक्षा, स्वास्थ्य, कृषि, युवा तथा खेलकुदसँग सम्बन्धित छ। तसर्थ प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी बनाउने र आफ्नो कार्य क्षेत्रभित्रका निकायहरुको क्रियाकलापमा पारदर्शिता, जवाफदेहिताका साथै परिचालनका लागि यसले निम्न लिखित भूमिकाहरु निर्वाह गर्दछ।

- मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यससँग सम्बन्धित क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिश र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने।
- मन्त्रिपरिषद्का सदस्यहरुले प्रदेश सरकारको तर्फबाट बैठकमा समय समयमा दिएका आश्वासनहरुलाई पूरा गर्न प्रदेश सरकारद्वारा के कस्ता कदमहरु उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायहरुलाई आवश्यक निर्देशन दिने र सभाको बैठकमा प्रतिवेदन पेश गर्ने।
- विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पतिको हिनामिना भए नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र प्रतिवेदन पेश गर्ने।
- प्रदेश सरकारद्वारा प्रचलित ऐन नियम अनुरुप भए गरेका कामकारवाही बारे छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने।

- प्रदेश सरकारद्वारा समय समयमा गठन हुने छानविन आयोग र समितिहरुद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने।
- मन्त्रालय, विभाग र अन्य निकायहरुबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने।
- बैठकले सुम्पेको अन्य काम गर्ने।

## १.३ समितिको गठन प्रकृया

प्रत्येक विषयगत समितिमा सभामुखले कार्य व्यवस्था परामर्श समितिको परामर्शमा प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिम बढीमा २२ जना सदस्यहरु मनोनीत गर्न सकिने व्यवस्था रहेको छ। समितिमा सदस्यहरुको मनोनयन गर्दा सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, खस आर्य तथा अन्य समुदायको समानुपातिक प्रतिनिधित्वलाई ध्यान दिनुपर्ने व्यवस्था छ। प्रदेश सभाको सचिव प्रत्येक समितिको पदेन सचिव हुनेछ र सचिवले आफू मातहतको अधिकृतलाई समितिको सचिवको कार्य गर्न तोक्न सक्ने व्यवस्था समेत नियमावलीले गरेको छ। हाल शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा सभापति सहित २२ जना माननीयहरु सदस्य रहनु भएको छ। समितिलाई प्रशासकीय एवं व्यवस्थापकीय सहयोग गर्न एक समिति सचिवालय रहेको छ।

## १.४ समितिको सचिवालय

प्रदेश सभा नियमावली, २०७४ को नियम १६२ मा समितिको सचिवालय सम्बन्धी व्यवस्था रहेको छ। प्रदेश सभा सचिवालय अन्तर्गत समिति सचिवालय रहनेछ। प्रदेश सभाका सचिव प्रत्येक समितिको पदेन सचिव हुनेछ। सचिवले आफू मातहतका अधिकृतलाई सभाको कुनै समितिको सचिव भई काम गर्न तोक्न सक्नेछ। सचिवले समितिको कार्य सम्पादनमा सहयोग पुऱ्याउन सम्वन्धित मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी माग्न सक्नेछ। यस समितिको सचिवालयमा कार्यरत कर्मचारीहरूको विवरण अनुसूची -२ मा उल्लेख गरिएको छ।

## १.५ समितिको काम, कर्तव्य र अधिकार

प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ बमोजिम शिक्षा, स्वास्थ्य तथा कृषि समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः-

१. मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरूको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यससँग सम्बन्धित क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

२. मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरूको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहीत नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

३. मन्त्रिपरिषदका सदस्यहरूले प्रदेशसरकारको तर्फबाट बैठकमा समय–समयमा दिएका आश्वासनहरूलाई पूरा गर्न प्रदेशसरकारद्वारा के-कस्ता कदमहरू उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

४. विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

५. प्रदेश सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप भए गरेका कामकारबाहीबारे छलफलगरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

६. प्रदेश सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग, समिति र जाँचबुझ आयोग, समितिहरूद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमनगरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

७. मन्त्रालय, विभाग र अन्य निकायहरूबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,

८. बैठकले सुम्पेको अन्य काम गर्ने,

९. समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने, र तोकिए बमोजिम कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभागका प्रतिनिधिहरू र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरू सँग समेत विचारको आदान-प्रदान गर्ने।

१०. छलफलमा थप विषयवस्तुको जानकारी आवश्यक परेमा विज्ञ तथा विशेषज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ र

११. आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय र निकायसँग सम्बन्धित प्रत्यायोजित व्यवस्थापन सम्बन्धी र सभाले दफाबार छलफलका लागि पठाएका विधेयकउपर दफाबार छलफल गरि सो सम्बन्धी प्रतिवेदन सभामा पेश गर्ने।

## १.६ समितिको कार्यक्षेत्र

शिक्षा, स्वास्थ्य तथा कृषि समितिको क्षेत्रभित्र सामाजिक विकास मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय क्षेत्राधिकार रहेको छ।

# परिच्छेद -२
# सम्पादित कार्य

## २.१ समितिले गरेका कार्यहरु

लघु सदन (**Mini Parliament**) को रुपमा क्रियाशिल रहने समितिले आफ्नो कार्यक्षेत्र भित्रका विषयहरुमा प्रदेश सकारलाई सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन एवं प्रदेश सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन र राय सुझाव दिने कार्य यस समितिले गरेको छ। यस समितिको गठन पश्चात (मिति २०८०/०३/१२ गते देखि २०८२/३० गतेसम्म) हालसम्म ४२ वटा बैठक बसेका छन। समितिले आफ्नो आन्तरिक कार्यसञ्चालन कार्यविधि २०८० निर्माण गरी पारित गरेको छ र हाल सोही कार्यविधि सञ्चालनमा रहेको छ।

## २.१ समितिले हालसम्म गरेका बैठकका निर्णयहरु

### २.१.१ मिति २०८० भदौ १९ गते बसेको पहिलो बैठकको निर्णय

१. **परिचय कार्यक्रम सम्बन्धमा :** बागमती प्रदेश सभाको मिति २०८० असार १२ गते बसेको सभा बैठकबाट २० जना सदस्य रहेको शिक्षा, स्वास्थ्य तथा कृषि समितिको गठन भएकोमा सो समितिको पहिलो बैठक आज बसेकोले आजको बैठकमा सदस्यहरुको परिचयात्मक कार्यक्रम सम्पन्न गर्ने र आमन्त्रीत अतिथीहरु प्रति समय प्रदान गरी मन्तव्य राखी दिनु भएकोमा आभार प्रकट गर्ने निर्णय गरियो।

२. **शिक्षा, स्वास्थ्य तथा कृषि समितिको कार्यविधि, २०८० सम्बन्धमा :** यस शिक्षा, स्वास्थ्य तथा कृषि समितिको आजको बैठकमा समितिको सचिवालयबाट प्रस्तावित मस्यौदा कार्यविधीमा सामान्य छलफल हुँदा समितिका सदस्यहरुबाट प्रस्तावित मस्यौदा कार्यविधि विस्तृत अध्ययन गर्न समय माग गर्नु भएकोले सो मस्यौदा कार्यविधि सदस्यहरुबाट अध्ययन भई आएपछी आगामी बैठकबाट क्रमशः दफावार छलफल गरी पारित गर्ने निर्णय गरियो।

३. **शोक प्रस्ताव सम्बन्धमाः** यस शिक्षा, स्वास्थ्य तथा कृषि समितिको आजको बैठकबाट प्रदेश सभाका पूर्व माननीय डा. राजाराम कार्की प्रति निम्नानुसारको शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।

**शोक प्रस्ताव**

"प्रदेश सभा सदस्य निर्वाचन, २०७४ मा नेपाली काङ्ग्रेस दलबाट बागमती प्रदेश सभा सदस्यमा निर्वाचित भई यस समितीका तत्कालिन सदस्य पूर्व माननी य डा.राजाराम कार्कीको ६६ वर्षको उमेरमा क्यान्सर रोगको उपचारका क्रममा वीर अस्पताल, काठमाण्डौमा मिति २०८० साल भाद्र ६ गते बुधवारका दिन असामयिक निधन भएकोमा यस समिति गहिरो दुःख व्यक्त गर्दछ। साथै यस दुःखको घडीमा पूर्व माननीय डा.राजाराम कार्की प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछ।"

४. **समितिको आगामी बैठक सम्बन्धमाः** यस शिक्षा, स्वास्थ्य तथा कृषि समितिको अर्को बैठक समितिका ज्येष्ठ सदस्य तथा आजको बैठकका सभापती माननीय मिना पराजुली पोखरेलले सचिवालयसँगको समन्वय गरी मिति तोक्ने गरी आजको बैठक स्थगित गर्ने निर्णय गरियो।

## २.१.२ मिति २०८० असोज १५ गते बसेको दोस्रो बैठकको निर्णय

१. शिक्षा, स्वास्थ्य तथा कृषि समितिको कार्य सञ्चालन कार्यविधि, २०८० को प्रारम्भिक मस्यौदा उपर छलफल गरी कार्यविधिको मस्यौदा परिमार्जनको छलफल गरियो।

२. कार्यविधिको मस्यौदा परिमार्जनको लागि कार्यविधि मस्यौदा तर्जुमा टिममा निम्न सदस्यहरू रहने गरी निर्णय गरियोः

| | | |
|---|---|---|
| १ | मा. मिना पराजुली पोखरेल- | ज्येष्ठ सदस्य |
| २ | मा. लक्ष्मी घिमिरे- | सदस्य |
| ३ | मा. एकालाल श्रेष्ठ- | सदस्य |
| ४ | मा. सृजना सायजु- | सदस्य |
| ५ | मा. वसन्त प्रसाद मानन्धर- | सदस्य |
| ६ | मा. श्रीराम लामिछाने | सदस्य |
| ७ | मा शुष्पा भुजेल न्यौपाने- | सदस्य |
| ८ | श्री हरिप्रसाद अधिकारी- | सदस्य सचिव |

३. कार्यविधि मस्यौदा तर्जुमा टिमले कार्यविधि माथि छलफल गरि समितिको अर्को बैठकमा कार्यविधि तयार गरी समितिमा पेश गर्ने निर्णय गरियो।

### २.१.३ मिति २०८० असोज १६ गते बसेको तेस्रो बैठकको निर्णय

१. मिति २०८०/६/१५ गतेमा गठित शिक्षा, स्वास्थ्य तथा कृषि समितिले गठन गरेको कार्यविधि, २०८० को मस्यौदा कार्यदलले तयार गरेको मस्यौदा उपर दफावार छलफल हुदा उक्त कार्यविधि सर्वसम्मत रुपमा पारित गर्ने निर्णय भयो।

२. कार्यविधि मस्यौदा तयारी कार्यदललाई समितिबाट धन्यवाद दिने निर्णय भयो।

### २.१.४ मिति २०८० असोज १६ गते बसेको चौथो बैठकको निर्णय

१. यस समितिमा प्राप्त भएको प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि समितिमा छलफल गरियो।

२. उक्त विधेयक माथि कृषि तथा पशुपन्छि विकास मन्त्रालयका माननीय मन्त्री, संशोधनकर्ता माननीय तथा सोही मन्त्रालयका सचिवज्यूको उपस्थिति भई विधेयक माथिको संशोधनकर्ता माननीय प्रेम बहादुर पुलामी र माननीय रत्न प्रसाद ढकालज्यूले आ-आफ्नो संशोधन समितिमा प्रस्तुत गर्नु भयो र माननीय मन्त्रीज्यूले सोको जवाफ दिने कार्य गर्नु भयो।

३. समितिको आगामी बैठकमा विधेयक माथि संशोधनकर्ता, समितिका सदस्य र मन्त्रालयबीच दफावार छलफल गर्ने निर्णय गरियो।

### २.१.५ मिति २०८० असोज १८ गते बसेको पाँचौ बैठकको निर्णय

यस समितिमा प्राप्त भएको प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०८० माथि समितिमा दफावार छलफल प्रारम्भ गरियो।

### २.१.६ मिति २०८० असोज २१ गते बसेको छैठौं बैठकको निर्णय

यस समितिमा प्राप्त भएको प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०८० माथि समितिमा प्रस्तावना देखि दफा ७ सम्म दफावार छलफल गरियो।साथै दफावार छलफलबाट भएको संशोधन प्रतिवेदनमा समावेस गर्ने निर्णय गरियो।

### २.१.७ मिति २०८० असोज २२ गते बसेको सातौं बैठकको निर्णय

१. यस समितिमा प्राप्त भएको प्रदेश स्वास्थ्य सेवा ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि समितिमा दफावार छलफल प्रारम्भ गरियो।

२.	समितिको आगामी बैठक मिति २०८०/०६/२२ गते दिनको २:०० बजे बसी प्रदेश स्वास्थ्य सेवा ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि दफावार छलफल गर्ने निर्णय गरियो।

## २.१.८ मिति २०८० असोज २२ गते बसेको आठौं बैठकको निर्णय

१.	प्रदेश स्वास्थ्य सेवा ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०८० माथि समितिमा प्रस्तावना देखि दफा १४ सम्म दफावार छलफल गरियो।

२.	समितिको आगामी बैठक मिति २०८०/०६/२३ गते बिहान ७:०० बजे बसी कृषि विकास सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०८० माथि दफावार छलफल गर्ने निर्णय गरियो।

## २.१.९ मिति २०८० असोज २३ गते बसेको नवौं बैठकको निर्णय

१.	कृषि विकास सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०८० माथि दफावार छलफल सम्पन्न गरियो।

२.	कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० को प्रतिवेदन तयार गरी समितिको आगामी बैठकमा पेस गर्न समिति सचिवालयलाई जिम्मेवारी दिने निर्णय गरियो।

## २.१.१० मिति २०८० पौष १७ गते बसेको दशौं बैठकको निर्णय

१.	समितिमा प्राप्त भएको विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि समितिमा छलफल गरियो।

२.	समितिको आगामी बैठक मिति २०८० पौष १८ गते विधेयक माथि संशोधनकर्ता, समितिका सदस्य र मन्त्रालयबीच छलफल गर्ने निर्णय गरियो।

## २.१.११ मिति २०८० पौष १८ गते बसेको एघारौं बैठकको निर्णय

समितिमा प्राप्त भएको विधेयक विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० माथि समितिका सदस्यज्यूहरु, सामाजिक विकास मन्त्री, मन्त्रालयका प्रतिनिधि कर्मचारी, संशोधनकर्ता माननीय प्रेम बहादुर पुलामीज्यू को उपस्थितिमा संशोधनकर्ता माननीयज्यूले विधेयकमाथि आफ्नो संशोधन समितिमा प्रस्तुत गर्नु भयो र माननीय मन्त्रीज्यू र मन्त्रालयका कर्मचारीहरुले सोको जवाफ दिने कार्य गर्नु भयो।

### २.१.१२ मिति २०८० फागुन १६ गते बसेको बाह्रौं बैठकको निर्णय

१. समितिमा दफाबार छलफलका लागि प्राप्त भएको विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि संशोधनकर्ता, मन्त्रालय र समितिका माननीय सदस्यहरुबीच विधेयका सबै दफाहरुमा छलफल गरि केही परिमार्जन गर्ने निर्णय गरियो।

२. निर्णय नं. १ मा छलफल गरिएका विषयहरुलाई समेटी विधेयक उपर समितिको प्रतिवेदन बनाउन समिति सचिवालयलाई निर्देशन दिने निर्णय गरियो।

### २.१.१३ मिति २०८० फागुन १७ गते बसेको तेह्रौं बैठकको निर्णय

समितिमा प्राप्त भएको विधेयक प्रदेश स्वास्थ्य सेवा ऐन,२०७५ लाई संशोधन गर्न बनेको विधेयक,२०८० मा स्वास्थ्य मन्त्रालय, समितिका सदस्यहरु र संशोधनकर्ताहरु बिच छलफल गरियो।

### २.१.१४ मिति २०८१ वैशाख २७ गते बसेको चौधौं बैठकको निर्णय

समितिको आन्तरिक कार्यक्रम सम्बन्धमा समितिका सदस्यहरुबिच छलफल गरियो।

### २.१.१५ मिति २०८१ जेठ ०५ गते बसेको पन्ध्रौं बैठकको निर्णय

१. बागमती प्रदेश सभाका माननीय सभामुख श्री भुवन कुमार पाठकज्यूले शिक्षा, स्वास्थ्य तथा कृषि समितिको सभापति पदको निर्वाचनका लागि निर्धारण गर्नुभएको मिति, समय र स्थान बमोजिम प्रदेश सभा सचिवालय र समिति सचिवालयमा ने.क.पा.(माओवादी केन्द्र) दलका माननीय इश्वर सापकोटाको प्रस्तावमा र ने.क.पा.(माओवादी केन्द्र) दलका माननीय शुष्पा भुजेल न्यौपानेको समर्थनमा, ने.क.पा.(माओवादी केन्द्र) दलका माननीय ठाकुर प्रसाद ढकालले मिति २०८१/०२/०४ गते निर्धारित समयावधिभित्र उम्मेदवारी दर्ता गराउनु भएको थियो। आज मिति २०८१ जेठ ५ गते शनिबार दिनको ३:३० बजे बसेको समितिको १५ औं बैठकमा प्रस्तावक र समर्थकले प्रस्ताव पेश गर्नुभएकोले माननीय ठाकुर प्रसाद ढकाल यस समितिको सभापति पदमा सर्वसम्मत निर्वाचित हुनुभयो।

२. यस समितिको सभापति पदमा निर्वाचित माननीय ठाकुर प्रसाद ढकालज्यूलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना दिने निर्णय पारित गरियो।

### २.१.१६ मिति २०८१ जेठ २१ गते बसेको सोह्रौं बैठकको निर्णय

१. यस समितिका ज्येष्ठ सदस्य माननीय मिना पराजुली पोखरेलले समिति गठन भएको बखतदेखि सभापति पदमा माननीय ठाकुर प्रसाद ढकाल निर्वाचित हुनु पूर्वसम्म समितिको १३ वटा बैठक र माननीय रघुनाथ महर्जनले १ वटा बैठकमा सभापतिको रुपमा भुमिका निर्वाह गरी महत्वपूर्ण योगदान पुऱ्याएकोमा समितिले हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय पारित गरियो।

२. आर्थिक वर्ष २०८०/०८१ को शिक्षा, स्वास्थ्य तथा कृषि समितिको वार्षिक प्रतिवेदन, बागमती प्रदेशको बजेट सभाको बैठकमा प्रस्तुत हुनुपूर्व सभामा पेश गर्ने प्रयोजनार्थ प्रतिवेदनको मस्यौदा तयारी गर्न देहाय बमोजिमका सदस्यहरु रहने गरी "एक वार्षिक प्रतिवेदन मस्यौदा" उपसमिति गठन गर्ने निर्णय गरियो।

**देहायः**

| | |
|---|---|
| माननीय गिता गुरुङ्ग | संयोजक |
| माननीय इश्वर सापकोटा | सदस्य |
| माननीय रामकुमार पहाडी | सदस्य |
| माननीय सुनिल के.सी | सदस्य |
| माननीय हरि प्रसाद सापकोटा | सदस्य |

### २.१.१७ मिति २०८१ जेठ २२ गते बसेको सत्रौं बैठकको निर्णय

समितिमा दफाबार छलफलका लागि प्राप्त भएको “विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०” मा समितिको प्रतिवेदन माथि छलफल गरियो।

### २.१.१८ मिति २०८१ जेठ २३ गते बसेको अठारौं बैठकको निर्णय

यस समितिमा प्राप्त भएको प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०८० मा स्वास्थ्य मन्त्रालयका मन्त्रीज्यू, समितिका माननीय सदस्यहरु, मन्त्रालयका सचिवज्यू लगायतको उपस्थितिमा छलफल गरियो।

### २.१.१९ मिति २०८१ जेठ ३१ गते बसेको उन्नाइसौं बैठकको निर्णय

शिक्षा, स्वास्थ्य तथा कृषि समितिको वार्षिक प्रतिवेदन तयारी उपसमितिबाट पेश भएको समितिको वार्षिक प्रतिवेदनको मस्यौदामा समितिमा छलफलमा उठेका विषयहरुलाई परिमार्जन गरी प्रतिवेदन तयार गर्ने निर्णय गरियो।

## २.१.२० मिति २०८१ जेठ ३२ गते बसेको बीसौं बैठकको निर्णय

शिक्षा स्वास्थ्य तथा कृषि समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरि प्रदेश सभा नियमावली २०७४ को नियम १५८ बमोजिम समितिको वार्षिक प्रतिवेदन समितिबाट पारित गरि सभामा पेश गर्ने निर्णय गरियो।

## २.१.२१ मिति २०८१ असार ०६ गते बसेको एक्काइसौं बैठकको निर्णय

बागमती प्रदेश सभा नियमावली, २०७४ को नियम १०८  बमोजिम दफावार छलफलका लागि यस समितिमा प्राप्त भएको "विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथिको प्रतिवेदन पारित गरि सो प्रतिवेदन सभामा पेश गर्ने निर्णय गरियो।

## २.१.२२ मिति २०८१ असार १० गते बसेको बाइसौं बैठकको निर्णय

समितिको आन्तरिक कार्यक्रम सम्बन्धमा समितिका माननीय सदस्यहरुबिच छलफल भयो।

## २.१.२३ मिति २०८१ असार ११ गते बसेको तेइसौं बैठकको निर्णय

यस समितिमा दफावार छलफलका लागि प्राप्त भएको प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक २०८० मा मन्त्रालय र समितिका माननीय सदस्यहरु बिच विधेयकको दफा १ देखि दफा ४ सम्म छलफल गरियो।

## २.१.२४ मिति २०८१ असार १२ गते बसेको चौबिसौं बैठकको निर्णय

१. यस समितिमा दफावार छलफलका लागि प्राप्त भएको "प्रदेश स्वास्थ्य सेवा ऐन २०७ लाई संशोधन गर्न बनेको विधेयक २०८०" मा मन्त्रालय र समितिका माननीय सदस्यहरु बिच विधेयकको दफा ५ देखि दफा २८  सम्म छलफल गरियो।
२. प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक २०८० माथि समितिमा भएका छलफलका विषयलाई समेटी समितिको विधेयकमाथिको प्रतिवेदन को मस्यौदा तयार गर्न समितिको सचिवालयलाई निर्देशन दिने निर्णय गरियो।

## २.१.२५ मिति २०८१ असार १३ गते बसेको पच्चिसौं बैठकको निर्णय

यस समितिमा दफावार छलफलका लागि प्राप्त भएको "प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक२०८०" मा समितिको प्रतिवेदनको मस्यौदामाथि छलफल गरियो।

## २.१.२६ मिति २०८१ असार १४ गते बसेको छब्बिसौं बैठकको निर्णय

यस समितिमा दफावार छलफलका लागि प्राप्त भएको "प्रदेश प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक " को प्रस्तावना र विधेयकको दफाहरुमा छलफल गरि केहि परिमार्जन गर्ने निर्णय गरियो

## २.१.२७ मिति २०८१ साउन १६ गते बसेको सत्ताइसौं बैठकको निर्णय

प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक २०८० को प्रतिवेदनमाथि छलफल गरियो।

## २.१.२८ मिति २०८१ भदौ १३ गते बसेको अठ्ठाइसौं बैठकको निर्णय

यस समितिमा दफाबार छलफलका लागि पेश भएको "प्रदेश स्वास्थ्य सेवा ऐन २०७५लाई संशोधन गर्न बनेको विधेयक २०८०" मा समितिको प्रतिवेदन माथि छलफल हुँदा समितिका माननीय सदस्यहरुबाट आएको सुझावलाई समावेश गरि प्रतिवेदनको अन्तिम प्रति तयार गरी सभामा पेश गर्ने निर्णय गरियो।

## २.१.२९ मिति २०८१ भदौ १४ गते बसेको उन्तिसौं बैठकको निर्णय

यस समितिमा दफाबार छलफलका लागि पेश भएको "प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको  विधेयक" मा समितिको प्रतिवेदन माथि छलफल हुँदा समितिका माननीय सदस्यहरुबाट आएको सुझावलाई समावेश गरि प्रतिवेदनको अन्तिम प्रति तयार गरी सभामा पेश गर्ने निर्णय गरियो।

## २.१.३० मिति २०८१ असोज ०६ गते बसेको तीसौं बैठकको निर्णय

समितिमा पेश भएका विधेयकहरु "प्रदेश स्वास्थ्य सेवा ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक २०८०" र "प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सभामा पेश गर्नु पूर्व समितिका माननीय सदस्यहरुबिच छलफल भयो।

### २.१.३१ मिति २०८१ मंसिर ०२ गते बसेको एकतीसौं बैठकको निर्णय

१. बागमती प्रदेश, सामाजिक विकास मन्त्रालयबाट प्रस्तुत भएको आ.व. २०८०/०८१ को वार्षिक प्रगति समिक्षा र आ.व. २०८१/०८२ को वार्षिक बजेटको प्रभावकारी कार्यान्वयनको योजना र चुनौतीहरुको सम्बन्धमा यस समितिमा छलफल भयो।

२. २०८१ असोज ११ र १२ गतेको अविरल वर्षाको कारण भएको प्राकृतिक विपद्बाट प्रदेशका विभिन्न विद्यालयहरु क्षतिग्रस्त भई पठनपाठन हुन नसकेका विद्यालयहरुमा पठनपाठन सुचारु गर्नका लागि बागमती प्रदेश सरकारलाई आवश्यक बजेट व्यवस्था गरी कार्य यथाशीघ्र अगाडी बढाउन निर्देशन दिने।

३. सामाजिक विकास मन्त्रालयबाट प्रस्तुत भएको वार्षिक समिक्षा र बजेट कार्यान्वयनको विषयमा कतिपय विवरण अस्पष्ट भएको हुँदा सो सम्बन्धमा थप विवरणको प्रस्तुति सहित पुनः छलफल गर्ने।

### २.१.३२ मिति २०८१ मंसिर ०३ गते बसेको बत्तीसौं बैठकको निर्णय

१. बागमती प्रदेश, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्रस्तुत भएको आ.व. २०८०/०८१ को वार्षिक प्रगति समिक्षा र आ.व. २०८१/०८२ को वार्षिक बजेटको प्रभावकारी कार्यान्वयनको योजना र चुनौतीहरुको सम्बन्धमा यस समितिमा छलफल भयो।

२. २०८१ असोज ११ र १२ गतेको अविरल वर्षाको कारण भएको प्राकृतिक विपद्बाट प्रदेशका कृषि तथा पशुपन्छीको विभिन्न क्षेत्रमा पुऱ्याएको क्षति बापत राहत वितरणका लागि बागमती प्रदेश सरकारलाई आवश्यक बजेट व्यवस्था गरी कार्य यथाशीघ्र अगाडी बढाउन निर्देशन दिने ।

३. प्रदेश सरकारबाट विनियोजित योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा प्रदेश सभा सदस्यहरुलाई कुनै जानकारी नै नदिई मन्त्रालय र मातहतका कार्यालयहरुले कार्य गरेको विषय उठ्दै आएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मातहतका निकाय/कार्यालयहरुले कार्यक्रम कार्यान्वयन, अनुगमन, र मूल्यांकनमा माननीय सदस्यहरुलाई सहभागी गराउन निर्देशन दिने।

### २.१.३३ मिति २०८१ मंसिर ०३ गते बसेको तेत्तीसौं बैठकको निर्णय

बागमती प्रदेश, स्वास्थ्य मन्त्रालयबाट प्रस्तुत भएको आ.व. २०८०/०८१ को वार्षिक प्रगति समिक्षा र आ.व. २०८१/०८२ को वार्षिक बजेटको प्रभावकारी कार्यान्वयनको

योजना र चुनौतीहरुको  सम्बन्धमा यस समितिमा मन्त्रालयका सचिवज्यूहरु र समिति सदस्यहरुबिच सामान्य छलफल भयो।

## २.१.३४ मिति २०८१ पुस ०७ गते बसेको चौतीसौं बैठकको निर्णय

१. बागमती प्रदेश स्वास्थ्य मन्त्रालयबाट प्रस्तुत भएको आ.व २०८०/०८१ को वार्षिक प्रगती समिक्षा र आ.व २०८१/०८२ को वार्षिक बजेटको योजना र चुनौतीहरुको सम्बन्धमा यस समितिमा छलफल भयो र आगामी बजेटको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक राय सुझाव समितिबाट मन्त्रालयलाई दिइयो।

२. प्रदेश सरकारबाट विनियोजित योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा प्रदेश सभा सदस्यहरुलाई कुनै जानकारी नै नदिई मन्त्रालय र मातहतका कार्यालयहरुले कार्य गरेको विषय उठ्दै आएकोले स्वास्थ्य मन्त्रालय र मातहतका निकाय/कार्यालयहरुले कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा माननीय सदस्यहरुलाई आमन्त्रण गराउन मन्त्रालयलाई निर्देशन दिने।

## २.१.३५ मिति २०८१ पुस ०८ गते बसेको पैतिसौं बैठकको निर्णय

१. बागमती प्रदेश शिक्षा, स्वास्थ्य तथा कृषि समितिसँग सम्बन्धित विषयगत क्षेत्रको अनुगमन गरी समिति समक्ष प्रतिवेदन पेश गर्ने गरी तपशिल बमोजिमको संयोजक र सदस्यहरु रहने गरी निम्न अनुसारको उपसमितिहरु गठन गर्ने निर्णय गरियो।

**क) शिक्षा, युवा तथा खेलकुद क्षेत्र अनुगमन उपसमिति**

१) माननीय रामकुमार पहाडी — संयोजक
२) माननीय गिता गुरुङ — सदस्य
३) माननीय छेत्रबहादुर बम्जन — सदस्य
४) माननीय तीर्थ बहादुर लामा — सदस्य
५) माननीय मिना पराजुली पोखरेल — सदस्य
६) माननीय रघुनाथ महर्जन — सदस्य
७) माननीय रमा आले मगर — सदस्य
८) माननीय समिता खड्की — सदस्य
९) माननीय शुष्पा भुजेल न्यौपाने — सदस्य
१०) माननीय श्रृजना सायजु — सदस्य

**ख) कृषि, पशुपन्छी र स्वास्थ्य क्षेत्र अनुगमन उपसमिति**

१) माननीय एकालाल श्रेष्ठ — संयोजक

२) माननीय उत्तम जोशी — सदस्य

३) माननीय इश्वर सापकोटा — सदस्य

४) माननीय उर्मिला कुमारी लामा — सदस्य

५) माननीय कुमारी मुक्तान — सदस्य

६) माननीय बिन्दु श्रेष्ठ — सदस्य

७) माननीय लक्ष्मी घिमिरे — सदस्य

८) माननीय शकुन्तला श्रेष्ठ — सदस्य

९) माननीय सुनिल के.सी. — सदस्य

१०) माननीय सुरेश श्रेष्ठ — सदस्य

११) माननीय हरि प्रसाद सापकोटा — सदस्य

२. उपसमितिले आफ्नो काम कारवाही व्यवस्थित बनाउन आफ्नो आन्तरिक कार्यविधि निर्माण गरी लागु गर्न सक्ने छ।

३. उपसमितिले आफ्नो कामको सम्बन्धमा स्थलगत अनुगमन गर्नु परेमा सभापति मार्फत सभामुखको अनुमती लिएर स्थलगत अवलोकन भ्रमण गर्न सक्नेछ।

४. आ.व. २०८१/०८२ को शिक्षा, स्वास्थ्य तथा कृषि समितिको वार्षिक बजेट सम्बन्धमा छलफल गरेर सि.न.२.७.२५.२८ मा रहेको "समितिका सभापतिको नेतृत्वमा अन्तरप्रदेश भ्रमण तथा अनुभव आदानप्रदान कार्यक्रम" अन्तर्गत कोशी प्रदेश सभा, सामाजिक विकास **समिति**सँग अनुभव आदानप्रदान गर्न कोशी प्रदेश भ्रमण गर्ने निर्णय गरियो।

## २.१.३६ मिति २०८१ पुस ०८ गते बसेको छत्तिसौं बैठकको निर्णय

१. बागमती प्रदेश युवा तथा खेलकुद मन्त्रालय, बागमती प्रदेशको गत आ.व. २०८०/०८१ को प्रगति विवरण र आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रम कार्यान्वयन सम्बन्धमा छलफल भयो।

२. प्रदेश सरकारबाट विनियोजित योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा प्रदेश सभा सदस्यहरुलाई कुनै जानकारी नै नदिई मन्त्रालय र मातहतका कार्यालयहरुले कार्य गरेको विषय उठ्दै आएकोले युवा तथा खेलकुद मन्त्रालय र मातहतका

निकाय/कार्यालयहरुले कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा माननीय सदस्यहरुलाई आमन्त्रण गराउन मन्त्रालयलाई निर्देशन दिने।"

## २.१.३७ मिति २०८१ माघ ०७ गते बसेको सैतिसौं बैठकको निर्णय

१. शिक्षा, स्वास्थ्य तथा कृषि समिति अन्तर्गत गठित कृषि, पशुपन्छी र स्वास्थ्य क्षेत्र अनुगमन उपसमितिको मिति २०८१/१०/०६ गते बसेको बैठकबाट अनुगमन सम्बन्धमा भएको निर्णयलाई स्विकृत गर्ने।

२. अनुगमन सम्बन्धमा समितिबाट गठित भएका कृषि, पशुपन्छी र स्वास्थ्य क्षेत्र अनुगमन उपसमिति र शिक्षा, युवा तथा खेलकुद क्षेत्र अनुगमन उपसमितिका संयोजकहरुलाई अनुगमनका सम्बन्धमा आवश्यक समन्वय गर्न सुझाव दिने।

## २.१.३८ मिति २०८१ चैत्र १३ गते बसेको अड्तीसौं बैठकको निर्णय

१. प्रदेश प्रमुखबाट सन्देशसहित पुनर्विचारको लागि फिर्ता आएको "प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" सम्बन्धमा समितिका माननीय सभापति, समितिका माननीय सहस्यहरु, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका सचिव लगायतको बिचमा छलफल गरि प्रदेश प्रमुखबाट आएको सन्देशलाई सम्बोधन गरि केहि परिमार्जन गर्ने।

२. समितिमा छलफलमा उठेका विषयलाई समावेश गरि प्रदेश प्रमुखबाट सन्देशसहित फिर्ता आएको "प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" को प्रतिवेदन तयार गर्न समिति सचिवालयलाई निर्देशन दिने।

## २.१.३९ मिति २०८१ चैत्र १४ गते बसेको उनन्चालिसौं बैठकको निर्णय

१. यस समितिमा दफावार छलफलका लागि प्राप्त भएको "मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" माथि समितिका माननीय सभापति र माननीय सदस्यहरु, मन्त्रालयबाट माननीय मन्त्री, संशोधनकर्ता माननीय सदस्यहरु, स्वास्थ्य मन्त्रालय सचिव, कानून अधिकृत लगायतको बिच विधेयकको दफा १ देखि दफा ५ सम्म दफाबार छलफल गरियो।

## २.१.४० मिति २०८१ चैत्र १८ गते बसेको चालीसौं बैठकको निर्णय

१. प्रदेश प्रमुखबाट सन्देशसहित पुनर्विचारको लागि फिर्ता आएको "प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" मा समितिको प्रतिवेदन सभामा पेश गर्ने निर्णय गरियो।

२. यस समितिमा दफाबार छलफलका लागि प्राप्त भएको "मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" मा समितिको प्रतिवेदनको अन्तिम प्रति तयार गरी सभामा पेश गर्ने निर्णय गरियो।

## २.१.४१ मिति २०८२ वैशाख २० गते बसेको एक्चालीसौं बैठकको निर्णय

आर्थिक वर्ष २०८१/०८२ को शिक्षा, स्वास्थ्य तथा कृषि समितिको वार्षिक प्रतिवेदन, बागमती प्रदेशको बजेट सभाको बैठकमा प्रस्तुत हुनुपूर्व सभामा पेश गर्ने प्रयोजनार्थ प्रतिवेदनको मस्यौदा तयारी गर्न देहाय बमोजिमका सदस्यहरु रहने गरी **"एक वार्षिक प्रतिवेदन तयारी उपसमिति"** गठन गर्ने निर्णय गरियो।

देहायः

| | |
|---|---|
| माननीय एकालाल श्रेष्ठ | संयोजक |
| माननीय इश्वर सापकोटा | सदस्य |
| माननीय गिता गुरुङ्ग | सदस्य |
| माननीय रामकुमार पहाडी | सदस्य |
| माननीय लक्ष्मी घिमिरे | सदस्य |

## २.२ विधायिका कार्य अन्तर्गत समितिमा हालसम्म दफावार छलफल भएका विधेयकहरुको विवरणः-

| सि.न. | विधेयकको नाम | समितिमा प्राप्त मिति | समितिबाट पारित मिति | कैफियत |
|---|---|---|---|---|
| १. | विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०/०५/३० | २०८१/०३/०६ | |
| २. | प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०८०/०५/३० | २०८१/०६/०६ | |

| सि.न. | विधेयकको नाम | समितिमा प्राप्त मिति | समितिबाट पारित मिति | कैफियत |
|---|---|---|---|---|
| ३. | प्रदेश कृषि विकासम सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०८०/०५/३० | २०८१/०६/०६ | प्रदेश प्रमुखबाट सन्देश सहित सभामा फिर्ता आएको र समितिले पुनः मिति २०८२ चैत्र १८ गते |
| ४. | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक | २०८१/१०/०६ | २०८१/१२/१८ | |

# परिच्छेद -३
# कार्यक्रम तथा गतिविधि

## ३.१ अन्तरप्रदेश अनुभव आदानप्रदान कार्यक्रम

### ३.१.१ कर्णाली प्रदेश सभा

शिक्षा, स्वास्थ्य तथा कृषि समितिका माननीय सभापति ठाकुर प्रसाद ढकालको नेतृत्वमा समितिका माननीय सदस्यहरुको उपस्थितिमा मिति २०८२ बैशाख ३ गते देखि ५ गते सम्म कर्णाली प्रदेश सभा, सामाजिक विकास समितिसँग अनुभव आदान प्रदान तथा छलफल कार्यक्रम भएको थियो। यस कार्यक्रममा कर्णाली प्रदेश सभा, सामाजिक विकास समितिका माननीय सभापति पूर्णबहादुर खत्री लगायतका समितिका माननीय सदस्यहरु र कर्मचारीहरुको उपस्थिति रह्यो। कार्यक्रममा कर्णाली प्रदेश सभा तथा सचिवालयका भवनहरु निरीक्षण गरियो। कार्यक्रममा दुवै समितिबाट प्रदेश सभाको समितिको प्रभावकारिता र कार्यक्षेत्र लगायतका विविध विषयमा छलफल भयो। प्रदेश सभा अन्तर्गत गठित विषयगत समितिहरुक काम कारवाहीलाई प्रभावकारी बनाउन अनुभव आदान प्रदान गर्ने यस भ्रमणको उद्देश्य रहेको थियो।

# परिच्छेद -४
# उपसमिति गठन र कार्यहरु

समितिले गर्नुपर्ने कामकारवाहीलाई छिटो र छरितो ढङ्गबाट सम्पादन गर्नका लागि समितिमा रहेका माननीय सदस्यहरुको रुची र क्षमतालाई मध्यनजर गरी शिक्षा, स्वास्थ्य तथा कृषि समितिले बागमती प्रदेश सभा नियमावली २०७४ को नियम १५१ को ३(क) मा व्यवस्था भए बमोजिम गठन गरेका उपसमितिहरु र उपसमितिले गरेका काम कारवाही (२०८१ जेठ ३० गते देखि हालसम्म)लाई संक्षिप्तमा देहाय अनुसार प्रस्तुत गरिएको छ।

## ४.१ कृषि, पशुपन्छी र स्वास्थ्य क्षेत्र अनुगमन उपसमिति

यस शिक्षा, स्वास्थ्य तथा कृषि समितिको कार्यक्षेत्र बमोजिम विभिन्न जिल्लाहरुमा जिल्लास्थित कार्यालयहरुको स्थलगत अनुगमन गर्ने प्रयोजनार्थ समितिबाट मिति २०८१ पुस ८ गते ३५ औं बैठकबाट अनुगमन गरी प्रतिवेदन पेश गर्न देहायको सदस्यहरु रहने गरी उपसमिति गठन भएको थियो:-

| | | |
|---|---|---|
| १. | माननीय एकालाल श्रेष्ठ | — संयोजक |
| २. | माननीय इश्वर सापकोटा | — सदस्य |
| ३. | माननीय उत्तम जोशी | — सदस्य |
| ४. | माननीय उर्मिला कुमारी लामा | — सदस्य |
| ५. | माननीय कुमारी मुक्तान | — सदस्य |
| ६. | माननीय बिन्दु श्रेष्ठ | — सदस्य |
| ७. | माननीय लक्ष्मी घिमिरे | — सदस्य |
| ८. | माननीय शकुन्तला श्रेष्ठ | — सदस्य |
| ९. | माननीय सुनिल के.सी. | — सदस्य |
| १०. | माननीय सुरेश श्रेष्ठ | — सदस्य |
| ११. | माननीय हरि प्रसाद सापकोटा | — सदस्य |

उपसमितिले विभिन्न मितिमा आफ्नो कार्यक्षेत्रबमोजिम जिल्लास्थित कार्यालयहरुमा अनुगमन तथा स्थलगत अवलोकन गरी निर्देशन तथा राय सुझाव दिएको थियो।

### ४.१.१ उपसमितिले अनुगमन गरेका जिल्लास्थित कार्यालयहरु

**क) धादिङ जिल्ला**

उपसमितिले मिति २०८१ साल चैत्र ११ गते धादिङ जिल्लास्थित देहायका कार्यालयहरुको स्थलगत अनुगमन गरेको थियोः-

- जनस्वास्थ्य कार्यालय
- धादिङ अस्पताल
- कृषि विकास कार्यालय

**ख) नुवाकोट जिल्ला**

उपसमितिले मिति २०८१ साल चैत्र १२ गते नुवाकोट जिल्लास्थित देहायका कार्यालयहरुको स्थलगत अनुगमन गरेको थियोः-

- जनस्वास्थ्य कार्यालय
- त्रिसुली अस्पताल
- कृषि विकास कार्यालय
- पशु सेवा कार्यालय

**ग) रसुवा जिल्ला**

उपसमितिले मिति २०८१ साल चैत्र १३ गते रसुवा जिल्लास्थित देहायका कार्यालयहरुको स्थलगत अनुगमन गरेको थियोः-

- जनस्वास्थ्य कार्यालय
- रसुवा अस्पताल
- आयुर्वेद तथा वैकल्पिक चिकित्सालय

**घ) सिन्धुली जिल्ला**

उपसमितिले मिति २०८२ साल वैशाख १६ गते सिन्धुली जिल्लास्थित देहायका कार्यालयहरुको स्थलगत अनुगमन गरेको थियोः-

- जनस्वास्थ्य कार्यालय
- सिन्धुली अस्पताल
- आयुर्वेद तथा वैकल्पिक चिकित्सालय
- कृषि विकास कार्यालय
- पशु सेवा कार्यालय

**ङ) रामेछाप**

उपसमितिले मिति २०८२ साल वैशाख १७ गते रामेछाप जिल्लास्थित देहायका कार्यालयहरुको स्थलगत अनुगमन गरेको थियोः-

- जनस्वास्थ्य कार्यालय
- रामेछाप अस्पताल
- आयुर्वेद तथा वैकल्पिक चिकित्सालय
- कृषि विकास कार्यालय

### ४.१.२ अनुगमनमा सहभागि माननीय सदस्यहरु

| | |
|---|---|
| माननीय ठाकुर प्रसाद ढकाल | - समिति सभापति |
| माननीय एकालाल श्रेष्ठ | - उपसमिति संयोजक |
| माननीय माननीय इश्वर सापकोटा | - सदस्य |
| माननीय उत्तम जोशी | - सदस्य |
| माननीय उर्मिला कुमारी लामा | - सदस्य |
| माननीय बिन्दु श्रेष्ठ | - सदस्य |
| माननीय शकुन्तला श्रेष्ठ | - सदस्य |
| माननीय सुरेश श्रेष्ठ | - सदस्य |
| माननीय हरि प्रसाद सापकोटा | - सदस्य |

### ४.१.३ अनुगमनको क्रममा उपसमितिले देखेका समस्या तथा चुनौतीहरु (स्वास्थ्य तर्फ)

- स्विकृत दरबन्दी अनुसारको कर्मचारी पदपूर्ती नभएको
- करारमा चिकित्सक भर्ना कार्य असजिलो भएको
- मेडिकल प्रविधि मर्मतको लागि न्यून बजेटको अवस्था
- पर्याप्त मात्रामा विशेषज्ञ चिकित्सको अभाव रहेको
- कर्मचारी प्रोत्साहमा **Incentive** मा एकरूपता ल्याउन नसकिएको
- स्वास्थ्य आपूर्ति केन्द्रबाट निःशुल्क आउनुपर्ने औषधि समयमै उपलब्ध नभएको
- एक विद्यालय एक नर्स कार्यक्रमलाई निरन्तर सञ्चालन गर्नको लागि चासो दिनुपर्ने
- धादिङ अस्पतालको भवन सानो भएको जसको कारण प्रयाप्त सेवा विस्तार गर्न नसकिएको
- टोकन प्रणाली लागू गर्न नसकिएको(धादिङ जिल्ला अस्पताल)
- डाइलोसिस मेसिन थप गर्नुपर्ने (धादिङ जिल्ला अस्पताल)
- स्वास्थ्यतर्फ बिमाको सोधभर्ना रकम भुक्तानी बाँकी रहेकोले बिमा कार्यक्रम संचालन गर्न समस्या रहेको

### ४.१.४ अनुगमनको क्रममा उपसमितिले दिएका सुझाव तथा निर्देशनहरु(स्वास्थ्य तर्फ)

- विशेषज्ञ चिकित्सकहरुको व्यवस्थापनमा तदारुकताका साथ लाग्नपर्ने
- Incentive मा एकरुपता ल्याउन कार्यविधि निर्माण गरि लागु गर्नुपर्ने
- औषधी आपूर्ति केन्द्रले नियमित रुपमा औषधीको प्रवाह गर्न आवश्यक समन्वय गर्नुपर्ने
- नियमित रुपमा मन्त्रालयमा रिपोर्टिङ गर्नुपर्ने जसले गर्दा स्वास्थ्य क्षेत्रमा देखिएका समस्याहरुको तत्काल समाधान गर्न सहजता देखिने
- आवश्य सेवा संचालन गर्न भौतिक पूर्वाधार, बजेट तथा दक्ष जनशक्तिको व्यवस्था गर्न मन्त्रालयसँग आवश्यक समन्वय गर्नुपर्ने
- करार सेवाका जनशक्तिहरुको व्यवस्थापनको लागि आवश्यक पहल र समन्वय गर्नुपर्ने
- अस्पतालहरुमा रिक्त रहेका पदहरु पदपूर्ति गराउन पहल गर्नुपर्ने
- अस्पतालको सरसफाइमा ध्यान दिनुपर्ने

### ४.१.५ अनुगमनको क्रममा उपसमितिले देखेका समस्या तथा चुनौतीहरु (कृषि तथा पशुपन्क्षी विकास तर्फ)

- अनुदानका कार्यक्रम कार्यान्वयनका लागि आह्वान गरिएका प्रस्तावमा पर्याप्त मात्रामा निवेदन नपर्ने
- कार्यक्रममा सुधार भन्दा पनि पहिलेकै कार्यक्रमका निरन्तरता बढी रहेको
- प्राविधिक दरबन्दीका कर्मचारी समयमा पूर्ति नहुँदा सेवा प्रवाहमा समस्या देखिएको
- कृषकलाई बजारीकरणमा पर्याप्त सहयोग र सहकार्य नभएको
- पछिल्ला वर्षहरुमा लगानी र उत्पादनको अनुपात सम्बन्धी तथ्याङ्क नरहेको
- सर्वसाधारण जनतालाई कृषि अनुदानका विषयमा स्पष्ट पार्न नसकिएको
- कतिपय कार्यक्रमहरु बढी महत्वकांक्षी भएको कारण कार्यान्वयनम समस्या रहेको
- अनुदानको लागि निकालिएको सूचना कृषकहरुले थाहा नपाउने
- फिल्ड भिजिट तथा अनुगमनको लागि सवारी साधन र प्राविधिक कर्मचारीहरुको अभाव
- उत्पादनमा आधारित अनुदान कार्यक्रम भन्दा पनि बढी वितरणमुखी कार्यक्रम विद्यमान सञ्चालनमा रहेका

### ४.१.६ अनुगमनको क्रममा उपसमितिले दिएका सुझाव तथा निर्देशनहरु (कृषि तथा पशुपन्क्षी विकास तर्फ)

- सम्बन्धित क्षेत्रबाट निर्वाचित प्रदेश सभा सदस्यहरुलाई आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाहरुको बारेमा जानकारी नै नदिई कार्यान्वयन गरिने भएको हुँदा कार्यक्रम कार्यानवयन, अनुगमन र मूल्यांकनमा सम्बन्धित क्षेत्रबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने माननीय सदस्यहरुको समन्वयमा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने
- सिमित व्यक्तिलाई बारम्बार अनुदान प्रदान गर्नुभन्दा पनि प्रभावकारी समूहलाई प्राथमिकता दिनुपर्ने
- वितरणमुखी कार्यक्रम भन्दा उत्पादनशिल कार्यक्रममा जोड दिनुपर्ने
- उत्पादनको आधारमा मात्र अनुदान प्रदान गर्नुपर्ने
- एउटै संस्थालाई दाहोऱ्याएर अनुदान प्रदान कार्य निरुत्साहित गर्नुपर्ने
- कृषकलाई बजारीकरणमा पर्याप्त सहकार्य र सहजीकरण गर्नुपर्ने

## ४.२ शिक्षा, युवा तथा खेलकुद क्षेत्र अनुगमन उपसमिति

यस शिक्षा, स्वास्थ्य तथा कृषि समितिको कार्यक्षेत्र बमोजिम विभिन्न जिल्लाहरुमा जिल्लास्थित कार्यालयहरुको स्थलगत अनुगमन गर्ने प्रयोजनार्थ समितिबाट मिति २०८१ पुस ८ गते ३५ औं बैठकबाट अनुगमन गरी प्रतिवेदन पेश गर्न देहायको सदस्यहरु रहने गरी उपसमिति गठन भएको थियोः-

| | | |
|---|---|---|
| १. | माननीय रामकुमार पहाडी | संयोजक |
| २. | माननीय गिता गुरुङ | सदस्य |
| ३. | माननीय छेत्रबहादुर बम्जन | सदस्य |
| ४. | माननीय तीर्थ बहादुर लामा | सदस्य |
| ५. | माननीय मिना पराजुली पोखरेल | सदस्य |
| ६. | माननीय रघुनाथ महर्जन | सदस्य |
| ७. | माननीय रमा आले मगर | सदस्य |
| ८. | माननीय समिता खड्की | सदस्य |
| ९. | माननीय शुष्पा भुजेल न्यौपाने | सदस्य |
| १०. | माननीय श्रृजना सायजु | सदस्य |

उपसमितिले विभिन्न मितिमा आफ्नो कार्यक्षेत्रबमोजिम जिल्लास्थित कार्यालयहरुमा अनुगमन तथा स्थलगत अवलोकन गरी निर्देशन तथा राय सुझाव दिएको थियो।

**क) धादिङ जिल्ला**

उपसमितिले मिति २०८१ साल चैत्र ११ गते धादिङ जिल्लास्थित देहायका कार्यालयहरुको स्थलगत अनुगमन गरेको थियोः-

- जिल्ला खेलकुद विकास समिति
- निलकण्ठ बालमन्दिर माध्यमिक विद्यालय
- सामाजिक विकास कार्यालय
- धादिङ बहुउद्देश्य कभर्ड हल(निलकण्ठ न.पा १२)

**ख) नुवाकोट जिल्ला**

उपसमितिले मिति २०८१ साल चैत्र १२ गते नुवाकोट जिल्लास्थित देहायका कार्यालयहरुको स्थलगत अनुगमन गरेको थियोः-

- जिल्ला खेलकुद विकास समिति
- पृथ्वी माध्यमिक विद्यालय

**ग) रसुवा जिल्ला**

उपसमितिले मिति २०८१ साल चैत्र १३ गते रसुवा जिल्लास्थित देहायका कार्यालयहरुको स्थलगत अनुगमन गरेको थियोः-

- जिल्ला खेलकुद विकास समिति

**४.२.१ अनुगमनमा सहभागि माननीय सदस्यहरु**

- माननीय ठाकुर प्रसाद ढकाल - समिति सभापति
- माननीय रामकुमार पहाडी - उपसमिति संयोजक
- माननीय उर्मिला कुमारी लामा - सदस्य
- माननीय गिता गुरुङ - सदस्य
- माननीय समिता खड्गी - सदस्य
- माननीय शुष्पा भुजेल न्यौपाने - सदस्य

## ४.२.२ अनुगमनको क्रममा उपसमितिले देखेका समस्या तथा चुनौतीहरु (युवा तथा खेलकुद तर्फ)

- २०७२ सालको भूकम्पले कार्यालय भवन पूर्ण रुपमा क्षति ग्रस्त (रसुवा जिल्ला खेलकुद विकास) भई जिल्ला शिक्षा तथा समन्वय इकाईको कार्यालय भवनमा भाडामा बसि काम गरिरहेको

- नयाँ कभर्डहल निर्माण सम्पन्न, स्थानीय तहबाट व्यवस्थापनको जिम्मेवारी (रसुवा जिल्ला)
- खेलकुद विकास समितिहरुको भौतिक संरचनाको अभाव देखिएको रसुवा जिल्ला खेलकुद विकास कार्यालयको भवन २०७२ सालको भुकम्पले क्षतिग्रस्त गरेको र हालसम्म पनि पुननिर्माण हुन नसकेको
- जिल्ला खेलकुद विकास कार्यालयहरुमा जनशक्ति, सवारी साधन र कार्यालय सामग्रीको अभाव
- खेलकुद विकास समितिहरुको स्थानीय तहहरुसँगको समन्वयमा कमी देखिएको
- युवा क्लबहरूको नवीकरण प्रक्रियामा केही गम्भीर समस्या देखा परेको छ। स्थानीय तहमा हुने प्रतियोगिताहरूमा समन्वयको अभाव छ। यसले युवा सहभागिता र प्रतिस्पर्धा व्यवस्थापनमा समस्या उत्पन्न गरिरहेको छ।
- विभिन्न खेलकुद प्रतियोगितामा रेफ्री र प्रशिक्षकहरूको चयनमा कार्यालयसँग समन्वय नभएको
- खेलकुद विकास कार्यहरूको दायरा विस्तार र मर्मतका लागि पर्याप्त बजेटको अभाव
- खेलकुद विकास समितिको जग्गा विभिन्न निकायहरूले अतिक्रमण गरेका छन्
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनमा कठिनाइहरू देखा पर्ने गरेका

### ४.२.३ अनुगमनको क्रममा उपसमितिले दिएका सुझाव तथा निर्देशनहरु (युवा तथा खेलकुद तर्फ)

- भवन पुनर्निर्माण प्रक्रियालाई तिव्र पार्नका लागि मन्त्रालयसँग आवश्यक समन्वय गर्नुपर्ने
- स्थायी कर्मचारी, सवारी साधन तथा आवश्यक पूर्वाधारको व्यवस्थाको लागि पहल गर्नुपर्ने
- आवश्यक सुधार र विस्तारका लागि पर्याप्त बजेटको व्यवस्था गरिनुपर्ने
- युवा क्लब तथा खेल प्रतियोगिता संचालनको लागि समन्वय र संयन्त्र निर्माण गर्न पहल गर्नुपर्ने
- खेलकुद समिति, स्थानीय तह, विद्यालय र प्रदेश सरकारबीच समन्वय अभाव मुख्य समस्या भएकोले स्थायी समन्वय संयन्त्र गठन गरिनुपर्ने आवश्यक देखिएको
- स्थायी पूर्वाधारको विकासलाई प्राथमिकतामा राख्नुपर्ने

- प्रदेश मातहतका १३ वटै जिल्लाका  खेलकुद विकास समितिका अध्यक्षहरूसँग बैठक गरी साझा नीति तथा योजना बनाउनुपर्ने
- खेलकुद विकास समितिको जग्गा अन्य निकायहरूबाट बचाउन आवश्यक कानूनी र प्रशासनिक कदमहरू चालिनुपर्ने
- खेलकुद क्षेत्रमा दिगो सुधारका लागि प्रदेश सरकारसँग समन्वय गरेर ठोस कार्ययोजना बनाउनुपर्ने।

### ४.२.४ अनुगमनको क्रममा उपसमितिले देखेका समस्या तथा चुनौतीहरु (शिक्षा तर्फ)

- विद्यार्थी संख्या बमोजिम विद्यालय भवनको अभाव देखिएको (निलकण्ठ बालमन्दिर माध्यमिक विद्यालय)
- विद्यालय भवन, बस, शिक्षक, नर्स, फर्निचरको अभाव देखिएको
- अभिभावकको उच्च चासो भए तापनि सुविधा नपुगेका कारण विद्यार्थी सीमित संख्यामा मात्र भर्ना गर्न सकिने अवस्था रहेको
- नर्स १ जनाले ३५ सय विद्यार्थी सम्हाल्न कठिन रहेको
- बस चालकको पारिश्रमिक र इन्धनको अभाव
- विगतको ६० लाख बजेट हाल १५ लाखमा घटेको (निलकण्ठ बालमन्दिर माध्यमिक विद्यालय)
- दीर्घकालीन योजना र व्यवस्थापनमा कमि देखिएको
- धादिङ बहुउद्देश्य कभर्ड हल(निलकण्ठ न.पा १२) खोलको नजिक निर्माण भएकोले खोलाले कर्भर्ड हलमा क्षति पुर्याउन सक्ने जोखिम रहेको,
- खोला कटान गरी खेलालाई डाइभर्सन गर्नको लागि बजेट अभाव

### ४.२.५ अनुगमनको क्रममा उपसमितिले दिएका सुझाव तथा निर्देशनहरु (शिक्षा तर्फ)

- नयाँ विद्यालय भवनको व्यवस्था गर्नुपर्ने
- आवश्यक जनशक्ति (शिक्षक, नर्स), शैक्षिक सामग्री र फर्निचरको पूर्ति गर्नुपर्ने
- प्रदेश सरकारबाट आर्थिक तथा नीतिगत सहयोग गर्नुपर्ने
- आवश्यक संसाधन उपलब्ध गराउनः कार्यालयको कार्यसम्पादन सुधार गर्नका लागि सहयोगी कर्मचारी र सवारी साधनको व्यवस्थापन गर्नुपर्नेछ।

# परिच्छेद -५
# समितिको निष्कर्ष

## ५.१ निष्कर्ष

समितिले प्रदेशको समग्र शिक्षा, स्वास्थ्य, कृषि, युवा तथा खेलकुदसँग सम्बन्धित विषयहरुमा र विधेयकको दफावार छलफलमा वा अन्य अवस्थामा समितिको बैठकमा पटक—पटक गहन छलफल चलाएको छ। शिक्षा, स्वास्थ्य, कृषि, युवा तथा खेलकुदको समग्र विकासले नै प्रदेशको मानवीय, आर्थिक, सांस्कृतिक र सामाजिक विकासका साथै लोकतन्त्रको विकासलाई स्थायित्व प्रदान गर्दछ। तसर्थ सम्बन्धित निकायहरुले योजना तर्जुमादेखि कार्यान्वयनको चरणसम्म विशेष ध्यान दिनु पर्दछ। राज्यका सबै निकायहरु बीचको सहकार्य र समन्वयबाट मात्र समृद्धि हासिल गर्न सकिन्छ। तसर्थ कृषिमा चक्लाबन्दी गरि आधुनिकीकरण, व्यवसायिकरण र वैज्ञानिकीकरणमा जोड दिँदै अगाडी बढ्नुपर्नेछ।

बागमती प्रदेशको समग्र शिक्षा, स्वास्थ्य, कृषि, युवा तथा खेलकुदको योजना तथा कार्यक्रमहरुको छनौट समानुपातिक वितरण प्रणालीका माध्यमबाट गर्नु उचित देखिन्छ। योजना छनौट प्रक्रिया **Bottom to Top Apporach** का माध्यमबाट गर्ने परिपाटीको सुरुवात गर्नु पर्दछ। प्रदेश सरकारको भूमिकालाई प्रत्यक्ष देखिने, सुनिने र महसूस हुने गरी प्रदेश गौरवका योजनाहरुलाई प्राथमिकता दिइनु पर्दछ। सरकारका तीनै तह बीचको आपसी समन्वय, सहअस्तित्व र सहकार्यबाट मात्र समृद्ध नेपाल निर्माण गर्न सकिने हुँदा संविधान प्रदत्त एकल तथा साझा अधिकारका क्षेत्रहरुलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नु पर्दछ। आन्तरिक स्रोत परिचालनलाई पारदर्शी बनाउन प्रदेश सरकार र स्थानीय सरकारबीचको कर तथा राजस्व बाडफाँडलाई व्यवस्थित बनाइनु पर्दछ। प्रदेश सरकार मार्फत स्थानीय सरकारलाई जाने सबै प्रकारका अनुदानहरुको वितरण तथा कार्यान्वयन पक्षलाई प्रदेश तहको उपस्थिति अनुभूत हुने गरी लागू गर्ने व्यवस्था अवलम्बन गरिनु पर्दछ।

मानिसलाई नभइ नहुने आधारभूत आवश्यकता भनेको गाँस, वास र कपास नै हो। नेपालको संविधानले सबै नागरिकलाई खाद्य र खाद्य सम्प्रभुत्ताको हक प्रदान गरेको छ। नागरीकको उक्त हकको सुरक्षा गर्न खाद्यान्न उत्पादन बढाई देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन

सक्नु पर्छ। खाद्यान्न तथा अन्य कृषि उत्पादनको लागि प्राकृतिक स्रोतको रुपमा रहेको कृषियोग्य भूमिको संरक्षण र सम्वर्द्धन गर्नु जरुरी छ। अहिले राम्रा राम्रा समथर उब्जाउ कृषि योग्य भूमि आवास क्षेत्र र अन्य भौतिक पूर्वाधार योजनाको विस्तारले क्षयीकरण भइरहेको छ यो कार्यलाई तत्कालै नरोक्ने हो भने हामी खाद्यान्नमा पूर्ण रुपले परनिर्भर हुनेछौं।

वार्षिक बजेटमा सम्वोधन भएका शिक्षा, स्वास्थ्य, कृषि सम्बन्धी आयोजना तथा कार्यक्रमको लागि अख्तियारी आर्थिक वर्षको सुरु महिनामा नै सम्बन्धित निकायहरुमा पुग्न र समयमै नै बोलपत्र प्रक्रिया सम्पन्न गर्ने व्यवस्थालाई कडाईका साथ लागू गर्नु पर्दछ। सार्वजनिक खरिद ऐनमा उल्लेख भएको न्यूनतम रकम बोलपत्र सकार्ने व्यवस्था अन्त्य गरी गुणस्तरीय निर्माणका लागि उचित व्यवस्था अवलम्बन गर्न कानूनी व्यवस्था मिलाईनु पर्दछ।

## ५.२ सुझावहरुः

- शिक्षामा सबै नागरिकको सरल किसिमले बिना भेदभाव पहुँच हुने नीति अवलम्बन गरिनु पर्दछ। व्यावसायिक शिक्षा प्रणालीमा जोड दिनु पर्दछ। शिक्षकहरुलाई तालिम दिई सरकारी, सामुदायिक विद्यालय र उच्च शिक्षाको गुणस्तर अभिवृद्धि गर्न अभिभावकसँग विद्यालय/क्याम्पस प्रशासनको अन्तर्क्रियालाई जोड दिइनु पर्दछ।
- प्रदेशमा सरकारी विद्यालयको गुणस्तरमा सुधार गरिनु जरुरी देखिन्छ। प्राविधिक शिक्षालाई प्राथमिकता दिनुपर्ने देखिन्छ।
- रसायनिक मलको कारखाना देशमै खोल्न प्रदेश सरकारले पहलकदमि लिन पर्ने।
- प्रदेशभरी खुलेका अधिकांश कृषि सहकारीहरु, कृषि फार्म, कृषि समुहहरु उत्पादन क्षेत्रमा केन्द्रित नभइ बचत तथा ऋणको कारोबारमा मात्र अग्रसर छन्। यसलाई नियमन, नियन्त्रण र कानूनको दायराभित्र ल्याउनु पर्दछ र कृषि सहकारीलाई कृषि तथा अन्य सामुहिक लाभ हुने कार्यमा अग्रसर गराउनु पर्दछ साथै सहकारीहरुवीच एकिकरण गराउन सहजिकरण र प्रोत्साहित गर्न जरुरी देखिन्छ।

- किसानहरुलाई सहुलियत ऋण उपलव्ध गराउन नेपाल सरकारका मातहतका बैंकहरुबाट र बचत तथा ऋण सहकारी संस्थासँग आवश्यक समन्वय गरेर संभावना भएसम्म कारोबार गर्ने वातावरण बनाउनु पर्ने।
- जनताको दैनिक जीवनसँग प्रत्यक्ष वा परोक्ष रुपमा सरोकार राख्ने विषयहरुको उठान, नियमन, ध्यानाकर्षण र समाधानमा समितिले समन्वयात्मक र सहयोगात्मक भूमिका खेल्नु पर्दछ।
- नेपालको रैथाने जातको बीउ बिजन लोपोन्मुख अवस्थामा पुगिसकेको अवस्थालाई मनन गर्दै प्रदेश सरकारले यस्ता रैथाने बीउ बिजनको बैंक खोल्ने र कृषि खेति गर्ने समय समेत भएकोले समयमै बीउ बिजन मल पाउने सुनिश्चिता गर्नु पर्ने।
- किसानहरुको सजिलै पहुँच हुने गरी कृषि, पशुपालन आदिमा देखिएका विभिन्न समस्या, त्यसको निदान उपचार तथा नयाँ नयाँ प्रविधि एवं जानकारी गराउने उद्देश्यले कृषि सूचना केन्द्र स्थापना गर्नु पर्ने।
- सिँचाइ बिना कृषि असम्भव प्राय भएकोले सम्भव भएसम्मको ठाउँमा विभिन्न प्रविधिबाट सिँचाइको सुविधा उपलब्ध गराउनुपर्ने।
- कृषि समूह वा कृषि सहकारी मार्फत कृषिमा चक्लाबन्दी गरी सामूहिक खेती गर्ने, कृषि पेशा व्यावसायिक बनाउने, यान्त्रिकीकरण गर्ने कार्यलाई प्रोत्साहन हुने किसिमले र कृषकको उत्पादित वस्तुको सरकारले समर्थन मूल्य तोकि खरीद गर्ने, ग्रिन हाउस, टनेल, चिस्यान केन्द्र बनाउने सम्बन्धी नीति प्रदेश सरकारको हुन पर्ने।
- कृषि तथा पशुपालनमा दिँदै आएको अनुदानको सहि सदुपयोग नभएको गुनासोलाई विचार गरी उत्पादनको आधारमा अनुदान दिने वैज्ञानिक व्यवस्था अपनाउने वा अनुदानको सट्टामा बिना धितो वा धितो राखी स्थानीय तहको सिफारिशमा अनुदानको रकम हेरेर थोरै ब्याजमा अनुदान दिने व्यवस्था मिलाउन पर्ने।
- एक पालिका एक उत्पादनमा आधारित प्रभावकारी कार्यक्रम ल्याउनु पर्ने
- संघ र स्थानीय तहसँग समन्वय गरी प्रदेशको कृषि नीति बनाउनुपर्ने।
- प्रादेशिक अस्पताल, जनस्वास्थ्य कार्यालयहरुमा दरबन्दी रिक्त भएकोले छिटो छरितो तरिकाले पदपूर्ति गर्न स्वास्थ्य मन्त्रालयसँग समन्वय गर्नु पर्ने।

- प्रादेशिक अस्पतालहरुमा विशेषज्ञ सेवा संचालन गर्नुपर्ने र  दरबन्दी रिक्त रहेको कार्यालयलयमा यथाशक्य चाँडो पदपूर्ति गर्नुपर्ने।
- सबै नागरीकको स्वास्थ्यमा पहुंच पुऱ्याउने गरी नीति बनाउनु पर्ने र प्रादेशिक अस्पतालहरुमा पाउनु पर्ने न्युनतम सेवाहरु उपलव्ध गराउन ल्याव, एक्स रे, भिडियो एक्स रे, प्रसुति तथा शल्य चिकित्सा सेवा उपलव्ध गराउने व्यवस्था हुन पर्ने।
- प्रदेश जनस्वास्थ्य कार्यालयहरुको स्पष्ट कार्य विवरण तोकिनु पर्ने, जिल्ला स्वास्थ्य कार्यालयहरुले स्थानीय निकायका तथा जिल्ला भरिका स्वास्थ्य संस्थाहरुसँग समन्वय गर्न, निजी स्वास्थ्य क्लिनिक, औषधी पसल, नर्सिङ्ग होमहरुको अनुगमन गर्न पाउनुपर्ने।
- जिल्ला आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरुको कार्यक्रममा वृद्धि गरि आयुर्वेद सम्बन्धी जनचेतना फैलाउन पर्ने।
- जडिबुटि उत्पादन तथा योगा, ध्यान र प्रणायामलाई विशेष जोड दिन पर्ने।
- पशुपालन तथा खेती गर्ने किसानहरुलाई दिने अनुदान उत्पादनको आधारमा कार्यविधि बनाएर दिने वैज्ञानिक व्यवस्था गर्नु  पर्ने।
- बैंक तथा वित्तिय संस्थाहरुबाट सस्तो ब्याजदर वा निर्ब्याजमा बिना झन्झट ऋण उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने।
- माग बमोजिम अनुदान लिएर अनुदानको सदुपयोग गरे नगरेको सम्बन्धमा अनुगमन गरी अनुदानको दुरुपयोग गर्ने किसानहरुलाई अनुदान रकम भराइ कालो सूचीमा राख्ने व्यवस्था मिलाउनु पर्ने।
- कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयहरुमा कार्यक्रम तथा अख्तियारी समयमै पुग्ने व्यवस्था मिलाउन पर्ने।
- कृषि उत्पादनलाई उत्पादक र उपभोक्ताको बीचमा जोड्ने माध्यम कृषि सहकारीलाई बनाउन आवश्यक कानुन बनाउनुपर्ने।
- कृषि पेशामा लागेर उत्कृष्ट काम गरेका किसानहरुलाई प्रोत्साहन स्वरुप सम्मानको व्यवस्था मिलाउनु पर्ने।

- महिला तथा बालबालिकाहरुमाथि हुने जघन्य अपराध तथा बलात्कारका घट्नाहरुबाट पिडित महिला तथा बालबालिकाको संरक्षणमा विशेष ध्यान दिनु पर्ने।
- खेलकुद पूर्वाधारको विकास र प्रभावकारी प्रशिक्षणको व्यवस्था गरी प्रतिभावान, व्यावसायिक तथा अन्तराष्ट्रिय पदक हाँसिल गरेका खेलाडिहरुलाई खेल क्षेत्रमा टिकाईराख्न प्रोत्साहित गर्ने कार्यक्रमहरु गरिनुपर्ने
- खेलाडीहरुलाई एन्टीडोपिङसँग सम्बन्धित सचेतनामुलक कार्यक्रमलाई निरन्तरता दिनुपर्ने
- कार्यक्रम कार्यान्वयनमा पूँजीगत खर्चको अनुपात बढाउने र अनावश्यक चालु खर्च घटाउने मन्त्रालयले ध्यान दिनु पर्ने।

## ५.३ समस्या एवं चुनौतिहरु

शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, फलफूल, तरकारी खेती, युवा तथा खेलकुद एवं विकास सम्बन्धी आयोजना एवं कार्यक्रम कार्यान्वयन गरी कृषिमा आत्मनिर्भर हुनु तथा कृषिमा हुने आयातलाई विस्थापित गर्नु आफैमा जटिल र चुनौतिपूर्ण छ। विगतमा भएका प्रयासहरु र प्रदेशले लिएको यस सम्बन्धी नीतिहरुले लक्ष्यमा पुगेको देखिँदैन। प्रदेश सरकारको यो नौलो अनुभव भए तापनि विगतमा भएका शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, फलफूल, तरकारी खेती, युवा तथा खेलकुद एवं विकास सम्बन्धी आयोजना एवं कार्यक्रम सम्बन्धी विकासका गतिविधिहरुलाई मध्यनजर राख्दा र परिवर्तित अवस्थामा समेत समय सापेक्ष सुधारमा आएको सुस्ततालाई ध्यानमा राखेर समितिले केही विकासका चुनौतिहरुलाई औल्याएको छ -

- गुणस्तरीय र दिगो विकासको अवधारणा बन्न नसक्नु,
- पर्याप्त तथ्याङ्क नहुनु,
- प्रदेश सभाका सदस्यहरुलाई विकास निर्माणको कार्यमा सरिक गराउन पर्याप्त समन्वय नहुनु,
- राजनीति पहुँचको आधारमा विकास निर्माण योजना तर्जुमा हुनु,
- स्थानीय स्रोत र साधन परिचालनको ठोस नीति नहुनु,

- समय सापेक्ष प्रविधिको प्रयोग नगरिनु,
- विकासलाई उत्पादनसँग जोड्न नसक्नु,
- साझा उत्तरदायित्वको भावना नहुनु,
- मूल्यांकन तथा अनुगमन प्रणाली व्यवस्थित नहुनु,
- विकास निकायहरुबीच समन्वय नहुनु,
- विकासलाई सामाजिक न्यायसँग जोड्न नसक्नु,
- कार्यान्वयन पक्ष फितलो हुनु,
- राजनीति केवल राजनीतिका लागि मात्र होइन, राजनीति विकासका लागि हो भन्ने भावना कार्यशैलीमा नदेखिनु,
- संविधान र दस्तावेजहरुमा लेखे बमोजिम कार्यान्वयन कार्यशैलीमा सुधार नआउनु,
- सरकारको स्पष्ट दृष्टिकोण नहुनु,
- कर्मचारीको अभाव

## अनुसूची -१

## समितिका माननीयहरुको विवरण

| क्र.सं. | माननीयको नाम थर | पद | राजनीतिक दल | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | मा. ठाकुर प्रसाद ढकाल | सभापति | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ९८५५०६३६६५ |
| २. | मा. इश्वर सापकोटा | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ९८५५०५८२५३ |
| ३. | मा. उत्तम जोशी | सदस्य | नेपाली काँग्रेस | ९८५५०८१०३३ |
| ४. | मा. उर्मिला कुमारी लामा | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ९८४१०४९४६७ |
| ५. | मा. एकालाल श्रेष्ठ | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ९८५५०६७६९० |
| ६. | मा. कुमारी मुक्तान | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ९८५५०७७६२२ |
| ७. | मा. गिता गुरुङ्ग | सदस्य | नेपाली काँग्रेस | ९८४१६७३१७३ |
| ८. | मा. छेत्रबहादुर बम्जन | सदस्य | नेपाली काँग्रेस | ९८५४०४११४५ |
| ९. | मा. तिर्थ बहादुर लामा | सदस्य | नेपाली काँग्रेस | ९८५१०३५०२४ |
| १०. | मा. बिन्दु श्रेष्ठ | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ९८४१५८४९३५ |
| ११. | मा. मिना पराजुली पोखरेल | सदस्य | नेपाली काँग्रेस | ९८५११२४१०१ |
| १२. | मा. रघुनाथ महर्जन | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ९८५१०३२९९९ |
| १३. | मा. रमा आले मगर | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) | ९८५११३२८०८ |
| १४. | मा. रामकुमार पहाडी | सदस्य | नेपाली काँग्रेस | ९८४१४६२६०७ |
| १५. | मा. लक्ष्मी घिमिरे | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी | ९८५११९८९९९ |
| १६. | मा. शकुन्तला श्रेष्ठ | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ९८५१०९५९८६ |
| १७. | मा. शुष्पा भुजेल न्यौपाने | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ९८५४०४२०४२ |

| क्र.सं. | माननीयको नाम थर | पद | राजनीतिक दल | सम्पर्क नं. |
|---|---|---|---|---|
| १८. | मा. समिता खड्गी | सदस्य | नेपाली काँग्रेस | ९८५१०५२०१६ |
| १९. | मा. सुनिल के.सी. | सदस्य | राष्ट्रिय प्रजातन्त्र पार्टी | ९८५१०४८५९२ |
| २०. | मा. सुरेश श्रेष्ठ | सदस्य | नेपाली काँग्रेस | ९८५१०८६३३४ |
| २१. | मा. सृजना सायजु | सदस्य | नेपाल मजदुर किसान पार्टी | ९८४९७२८०६० |
| २२. | मा. हरि प्रसाद सापकोटा | सदस्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ९८४५०५५१४४ |

## अनुसूची-२
## माननीयहरुको समिति बैठकमा उपस्थिति विवरण

कूल बैठक संख्याः- ४२

जेष्ठ सदस्यबाट समिति संचालनः- १५

सभापतिबाट समिति संचालनः-२७

### जेष्ठ सदस्यले संचालन गर्नुभएको बैठकमा उपस्थिति विवरण

(मिति २०७९ भदौ १९ देखि २०८१ जेठ ५ सम्म)

| क्र.सं. | नाम थर | पद | बैठकमा उपस्थिति सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १. | मा. ठाकुर प्रसाद ढकाल | सभापति | २ | मिति २०८१ बैशाख २७ गते देखि समितिमा आउनभएको र जेठ ५ गते समिति सभापतिमा निर्वाचित |
| २. | मा. इश्वर सापकोटा | सदस्य | १४ | |
| ३. | मा. उत्तम जोशी | सदस्य | १ | मिति २०८१ जेठ ५ गतेदेखि समितिमा आउनुभएको |
| ४. | मा. उर्मिला कुमारी लामा | सदस्य | १५ | |
| ५. | मा. एकालाल श्रेष्ठ | सदस्य | ११ | २०८१ बैशाख २७ गते देखि मिति २०८१ भाद्र १३ गतेसम्म मन्त्रि भएका कारण समितिमा अनुपस्थित |
| ६. | मा. कुमारी मुक्तान | सदस्य | ० | मिति २०८१/०५/१३ गतेदेखि समितिमा आउनुभएको |
| ७. | मा. गिता गुरुङ्ग | सदस्य | १३ | |
| ८. | मा. छेत्रबहादुर बम्जन | सदस्य | ११ | |
| ९. | मा. धनेश्वरी प्रजापती | सदस्य | ११ | मिति २०८१ वैशाख २७ गतेदेखि अन्य समितिमा हेरफेर |
| १०. | मा. तिर्थ बहादुर लामा | सदस्य | ० | मिति २०८१ जेठ ५ गतेदेखि समितिमा आउनुभएको |
| ११. | मा. बसन्त प्रसाद मानन्धर | सदस्य | १२ | मिति २०८१ बैशाख २७ गतेदेखि अन्य समितिमा जानुभएको |
| १२. | मा. बिन्दु श्रेष्ठ | सदस्य | १२ | |
| १३. | मा. मिना पराजुली पोखरेल | सदस्य | १३ | |
| १४. | मा. रघुनाथ महर्जन | सदस्य | ८ | |
| १५. | मा. रमा आले मगर | सदस्य | ० | मिति २०८१ मंसिर २ गतेदेखि समितिमा आउनुभएको |
| १६. | मा. राजु विष्ट | सदस्य | ० | मिति २०८१ जेठ ५ देखि जेठ ३२ सम्ममात्र यस समितिमा रहनुभएको |
| १७. | मा. रामकुमार पहाडी | सदस्य | १४ | |
| १८. | मा. लक्ष्मी घिमिरे | सदस्य | १० | |

| क्र.सं. | नाम थर | पद | बैठकमा उपस्थिति सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १९. | मा. शकुन्तला श्रेष्ठ | सदस्य | १२ | |
| २०. | मा. शुकमाया तामाङ | सदस्य | १० | मिति २०८१ बैशाख २७ गतेसम्म समितिमा रहनुभएको |
| २१. | मा. शुष्पा भुजेल न्यौपाने | सदस्य | १५ | |
| २२. | मा. समिता खड्गी | सदस्य | १३ | |
| २३. | मा. सुना परियार | सदस्य | १० | मिति २०८१ बैशाख २७ गतेसम्म समितिमा रहनुभएको |
| २४. | मा. सुनिल के.सी. | सदस्य | १ | मिति २०८१ बैशाख २७ गतेदेखि समितिमा आउनुभएको |
| २५. | मा. सुरेश श्रेष्ठ | सदस्य | १ | मिति २०८१ जेठ ५ गते समितिमा आउनुभएको |
| २६. | मा. सृजना सायजु | सदस्य | ६ | |
| २७. | मा. श्रीराम लामिछाने | सदस्य | ५ | मिति २०८१ जेठ ५ गते सार्वजनिक लेखा समितिमा सभापति पदमा निर्वाचित |
| २८. | मा. हरि प्रसाद सापकोटा | सदस्य | ८ | |

**समिति सभापतिको निर्वाचन पश्चात बैठकमा उपस्थिति विवरण**

(मिति २०८१ जेठ ५ देखि २०८२ जेठ ३० सम्म)

| क्र.सं. | नाम थर | पद | बैठकमा उपस्थिति सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १. | मा. ठाकुर प्रसाद ढकाल | सभापति | २७ | |
| २. | मा. इश्वर सापकोटा | सदस्य | २७ | |
| ३. | मा. उत्तम जोशी | सदस्य | २२ | |
| ४. | मा. उर्मिला कुमारी लामा | सदस्य | १३ | |
| ५. | मा. एकालाल श्रेष्ठ | सदस्य | १४ | बिचको अवधिमा मन्त्रि भएका कारण समितिमा अनुपस्थित |
| ६. | मा. कुमारी मुक्तान | सदस्य | २ | मिति २०८१/०५/१३ गतेदेखि समितिमा आउनुभएको |
| ७. | मा. गिता गुरुङ्ग | सदस्य | २५ | |
| ८. | मा. छेत्रबहादुर बम्जन | सदस्य | १० | |
| ९. | मा. तिर्थ बहादुर लामा | सदस्य | ९ | मिति २०८१ जेठ ५ गतेदेखि समितिमा आउनुभएको |
| १०. | मा. बिन्दु श्रेष्ठ | सदस्य | २४ | |
| ११. | मा. मिना पराजुली पोखरेल | सदस्य | १६ | |

| क्र.सं. | नाम थर | पद | बैठकमा उपस्थिति सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १२. | मा. रघुनाथ महर्जन | सदस्य | २२ | |
| १३. | मा. रमा आले मगर | सदस्य | ३ | मिति २०८१ मंसिर २ गतेदेखि समितिमा आउनुभएको |
| १४. | मा. राजु विष्ट | सदस्य | ३ | मिति २०८१ जेठ ५ देखि जेठ ३२ सम्ममात्र यस समितिमा रहनुभएको |
| १५. | मा. रामकुमार पहाडी | सदस्य | २४ | |
| १६. | मा. लक्ष्मी घिमिरे | सदस्य | ४ | |
| १७. | मा. शकुन्तला श्रेष्ठ | सदस्य | २१ | |
| १८. | मा. शुष्पा भुजेल न्यौपाने | सदस्य | २१ | |
| १९. | मा. समिता खड्गी | सदस्य | २३ | |
| २०. | मा. सुनिल के.सी. | सदस्य | ० | |
| २१. | मा. सुरेश श्रेष्ठ | सदस्य | २० | |
| २२. | मा. सृजना सायजु | सदस्य | ० | |
| २३. | मा. हरि प्रसाद सापकोटा | सदस्य | २६ | |

# अनुसूची-३

## समितिबाट पारित विधेयकहरुको प्रतिवेदन

विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०

**बागमती प्रदेश सभा**
**शिक्षा, स्वास्थ्य तथा कृषि समिति**

**विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८० सम्बन्धी समितिको प्रतिवेदन**

१. विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यसपछि विधेयक भनिएको) को दफा (१) को उपदफा (२) मा रहेको "प्रदेश राजपत्रमा प्रकाशन भएको मितिबाट" भन्ने शब्दहरुको सट्टा "तुरुन्त" भन्ने शब्द राखे।

२. विधेयकको दफा ६ को सट्टा देहायको दफा ६ राखेः-

"६.कोष सञ्चालक समितिको गठनः (१) दफा ३ बमोजिम कोषको सम्पूर्ण काम कारवाहीको सञ्चालन तथा रेखदेख गर्न देहाय बमोजिमको एक सञ्चालक समिति गठन हुनेछः-

(क) मन्त्री, विज्ञान तथा प्रविधि हेर्ने – अध्यक्ष

(ख) सचिव, विज्ञान तथा प्रविधि मन्त्रालय हेर्ने - सदस्य

(ग) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय – सदस्य

(घ) अध्यक्षबाट मनोनित एक जना महिला सहित तीन जना विज्ञ सदस्यहरु - सदस्य

(ङ) महाशाखा प्रमुख, विज्ञान तथा प्रविधि हेर्ने मन्त्रालय – सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (घ) बमोजिम मनोनित हुने सदस्य नेपालको नागरिक भएको, विज्ञान तथा प्रविधिको क्षेत्रमा विद्यावारिधी गरी ५ वर्ष वैज्ञानिक वा नवप्रवर्तनमुखी अनुसन्धानमा अनुभव प्राप्त व्यक्ति हुनु पर्नेछ।

३. विधेयकको दफा ७ को उपदफा (१) मा रहेको "पाँच वर्षको" भन्ने शब्दहरुको सट्टा "तीन वर्षको" भन्ने शब्दहरु राखे।

४. विधेयकको दफा ८ को सट्टा देहायको दफा ८ राखेः-

"८. समिति सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्थाः (१) कोष सञ्चालन समिति सञ्चालनको लागि कोषको कार्यालयमा एक सचिवालय रहनेछ।

(२) उपदफा (१) बमोजिम सचिवालयको लागि आवश्यक जनशक्ति व्यवस्थापन मन्त्रालयबाट हुनेछ।

(३) समितिका सदस्यहरुको बैठक भत्ता तथा अन्य सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

५. विधेयकको दफा ९ को उपदफा (२) मा रहेका "निजको अनुपस्थितिमा" भन्ने शब्दहरु पछिको "उपाध्यक्ष र निज समेत अनुपस्थित रहेको अवस्थामा" भन्ने शब्दहरुलाई झिक्ने ।

६. विधेयकको दफा ९ को उपदफा (२) मा रहेको "वरिष्ठतम" भन्ने शब्दको सट्टा "जेष्ठ" भन्ने शब्द राख्ने।

७. विधेयकको दफा १० मा देहायको खण्ड (ग) थप गर्ने र खण्ड क्रम मिलाउने,

"(ग) वैज्ञानिक खोज अनुसन्धानको प्रदर्शनी र सम्मेलन गरी नवप्रवर्तन र आविष्कारको विकास गरी प्रदेशको समृद्धिमा टेवा पुऱ्याउने"।

८. विधेयकको दफा १० को खण्ड (ङ) हटाउने।

९. विधेयकको दफा ११ को खण्ड (ग) मा रहेको "एकल" भन्ने सब्दको सट्टा "कोषले आफै" भन्ने शब्दहरु राख्ने।

१०. विधेयकको दफा ११ को खण्ड (घ) मा रहेको "आय आर्जन" भन्ने शब्दहरुको सट्टा "आर्थिक विकास" भन्ने शब्दहरु राख्ने

११. विधेयकको दफा १२ को उपदफा (१) मा रहेको "प्रविधि विकास लगायतका" शब्दहरु पछाडि "कोष संचालक समितिले तोकेका" भन्ने शब्दहरु थप गर्ने।

१२. विधेयकको दफा १६ को सट्टा देहायको दफा १६ राख्ने,

"१६. निर्देशक समितिः (१) निर्देशक समितिको गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) मुख्यमन्त्री | - अध्यक्ष |
| (ख) विज्ञान तथा प्रविधि हेर्ने मन्त्री | – सदस्य |
| (ग) आर्थिक मामिला तथा योजना मन्त्री | - सदस्य |
| (घ) मुख्यमन्त्रीले तोकेका मन्त्री एक जना | -सदस्य |
| (ङ) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | -सदस्य |
| (च) प्रमुख सचिव | - सदस्य |
| (छ) सचिव, विज्ञान तथा प्रविधि हेर्ने | -सदस्य- सचिव |

(२) निर्देशक समितिले आवश्यकता अनुसार कोष सञ्चालक समितिमा रहेका विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।"

१३. विधेयकको दफा १७ को सट्टा देहायको दफा १७ राख्ने,-

"१७. निर्देशक समितिको काम र कर्तव्यः निर्देशक समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछः-

(क) प्रदेश सरकारबाट हुने खोज, अध्ययन, अनुसन्धान, नवप्रवर्तन र स्टार्टअपका कार्यक्रमहरु कोष मार्फत सञ्चालन गर्न नीतिगत निर्देशन दिने।

(ख) विज्ञान, प्रविधि, अनुसन्धान र नवप्रवर्तन सम्बन्धी नीति तथा रणनीति स्वीकृत गर्ने र लागु गर्न निर्देशन दिने।

(ग) अन्य समसामयिक विषयमा कार्य गर्न कोष सञ्चालक समितिलाई निर्देशन दिने।"

१४. विधेयकको दफा १८ को सट्टा देहायको दफा १८ राख्नेः-

"१८. निर्देशक समितिको बैठकः (१) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) बैठक सम्बन्धी अन्य कार्यविधि निर्देशक समितिले तोकेबमोजिम हुनेछ।"

१५. विधेयकको दफा १९ मा रहेको "समितिका अध्यक्ष, सदस्य, उपसमिति वा कोषको कुनै पदाधिकारीलाई" भन्ने शब्दहरुको सट्टामा "उपसमितिलाई" भन्ने शब्द राख्ने।

१६. विधेयकको दफा २१ को "कार्यविधि" भन्ने शब्दको सट्टा "निर्देशिका, मापदण्ड र कार्यविधि" भन्ने शब्दहरु राख्ने।

१७. विधेयकको दफा २२ मा रहेको "द्विविधा उत्पन्न भएमा" भन्ने शब्दहरुको पछाडि "प्रचलित कानुनको अधिनमा रही" भन्ने शब्दहरु थप गर्ने।

# प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०८०

## प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक,२०८० सम्बन्धी प्रतिवेदन

१. प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०८० (यस पछि "विधेयक" भनिएको) को दफा १ को उपदफा (१) मा रहेको "२०८०" भन्ने अङ्कहरुको सट्टा "२०८१" राख्ने।

२. विधेयकको दफा २ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने,-

"(१) खण्ड (क) मा रहेको "र सो शब्दले" भन्ने शब्दहरु पछि "आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, आयुर्वेद अस्पताल एवम्" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने,-

"(२) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थप गरिएको छः

"(छ१) आधारभूत (ग्रामिण) अल्ट्रासाउण्ड" भन्नाले एस. बि. ए. तालिम लिई कम्तिमा एक्काईस दिनको अल्ट्रासोनोग्राफी सम्बन्धी आधारभूत तालिम प्राप्त गरेका नर्सिङ्ग स्टाफ (स्टाफ नर्स वा अ.न.मी.) ले पोर्टेवल अल्ट्रासोनोग्राफी मेशिन प्रयोग गरी महिलाको गर्भ सम्बन्धि जटिलता (कम्प्लिकेसन्स) छिटो पत्ता लगाउने र सो जटिलता व्यवस्थापनको लागि उपयुक्त स्वास्थ्य संस्थामा छिटो प्रेषण गर्ने कार्य सम्झनु पर्छ।"

(३) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्ने,

"(६) खण्ड (द) को सट्टा देहाय बमोजिमको खण्ड (द) राखिएको छः

"(द) "स्वास्थ्य संस्था" भन्नाले आधुनिक, आयुर्वेदिक, वैकल्पिक, युनानी, आम्ची र होमियोप्याथि चिकित्सा तथा जनस्वास्थ्यसँग सम्बन्धित जुनसुकै सरकारी विभाग, निर्देशनालय, अस्पताल, केन्द्र, कार्यालय, प्रयोगशाला, चिकित्सालय र प्रतिष्ठान जस्ता सार्वजनिक स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम दर्ता भएका अन्य सार्वजनिक वा निजि वा सहकारी वा सामुदायिक वा गैह्र सरकारी वा गुठि अस्पताल वा स्वास्थ्य संस्थालाई समेत सम्झनु पर्छ।"

३. विधेयकको दफा ३ ले प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा (४) पछि थप गर्न प्रस्ताव गरेको उपदफा (५) पछि देहायको उपदफा (६) थप गर्नेः

"(६) हरेक अस्पतालले सामाजिक सेवा इकाई स्थापना गरी सो अस्पतालको कूल शैया संख्याको कम्तिमा दश प्रतिशत शैयामा बेवारिसे, अति गरिब, विपन्न, अपाङ्गता भएका विपन्न र असहाय व्यक्तिलाई सो शैयामा राखी उपलब्ध सेवा, औषधि तथा उपचार खर्च सोहि अस्पतालले व्यहोर्नु पर्नेछ।

४. विधेयकको दफा ४ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (२) थप गर्ने र विधेयकको उपदफाक्रम मिलाउने,

" (२) उपदफा (४) पछि देहायको उपदफा (४क) थप गरिएको छः

"(४क) प्रदेशका स्वास्थ्य संस्था तथा अस्पतालमा चिकित्सा तथा स्वास्थ्य विज्ञान विषयमा अध्ययन अध्यापन गर्न, गराउन वा सार्वजनिक, निजि, गैरसरकारी, गुठी, सहकारी र सामुदायिक शैक्षिक संस्थाका चिकित्सा तथा स्वास्थ्य विज्ञान विषयमा अध्ययन गरिरहेका विद्यार्थीलाई क्लिनिकल, प्रयोगात्मक र व्यवहारिक सिकाई तथा अध्ययन अनुसन्धानका लागि मन्त्रालयले तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ।"

(२) उपदफा (३) ले मुल ऐनको उपदफा (५) पछि थप गर्न प्रस्ताव गरेको उपदफा (६) र (७) पछि देहायको उपदफा (८) थप गर्ने,-

"(८) यस ऐन वा यस ऐन बमोजिम बनेका नियमावली बमोजिम आशय पत्र दिन वा अनुमति दिन वा स्तरोन्नति गर्न वा नवीकरण गर्नका लागि आवेदन दिने स्वास्थ्य संस्था वा अस्पतालको कुल संचालक समितिको सदस्य मध्ये कम्तिमा दुई तिहाई सदस्य नेपाली नागरिक हुनु पर्नेछ।"

५. विधेयकको दफा ६ को उपदफा (२) को,-

(१) देहाय बमोजिमको खण्ड (१क) राख्ने,-

"(१क) उपदफा (१) बमोजिमको आशयपत्र दिने प्रयोजनको लागि यस ऐन तथा यस ऐन बमोजिमको नियमावलीमा उल्लिखित अन्य मापदण्डको अतिरिक्त अस्पतालको कुल क्षेत्रफल प्रति शैय्या ५५ (पचपन्न) बर्ग मिटरको दरले हुनु पर्नेछ। अस्पतालको कुल क्षेत्रफल गणना गर्दा बहुतले अस्पतालको हकमा भुईतला भन्दा माथिका तलाहरुको क्षेत्रफल समेत गणना गर्नु पर्नेछ।"

(२) खण्ड (१ख) हटाउने र खण्डक्रम मिलाउने।

६. विधेयकको दफा ६ पछि देहायको दफा ७ थप गरी दफाक्रम मिलाउने,

"७. मुल ऐनको दफा १० मा संशोधनः- मुल ऐनको दफा १० मा रहेको "अस्पतालले" भन्ने शब्दको सट्टा "अस्पताल वा स्वास्थ्य संस्थाले" भन्ने शब्दहरु राखे।"

७. विधेयकको दफा १० को उपदफा (१) भन्दा अगाडी देहायका उपदफाहरु थप गर्ने र उपदफाक्रम मिलाउने,-

(१) उपदफा (१) मा मूल ऐनको दफा १५ को उपदफा (२) मा रहेको **"लिई"** भन्ने शब्दको पछाडि **"एक देखि"** भन्ने शब्द थप गर्ने।

२

(२) उपदफा (२) मा मूल ऐनको दफा १५ को उपदफा (३) मा रहेका "छ महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "सेवा संचालन अनुमतिको म्याद समाप्त भएको मितिले तिन महिनाभित्र" भन्ने शब्दहरु राखे।

(३) उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्ने,-

(३) "(३क) उपदफा (३) बमोजिमको अवधि पश्चात अस्पताल वा स्वास्थ्य संस्थाले मनासिव कारण सहित नवीकरणको लागि मन्त्रालय वा सम्बन्धित निकायमा निवेदन पेश गरेमा नवीकरण दस्तुरका साथै देहाय बमोजिमको जरिबाना असुल उपर गरि नवीकरण गर्नु पर्नेछः-

(क) म्याद समाप्त भएको मितिले एक वर्ष भित्र निवेदन पेश गरेमा - नवीकरण दस्तुरको एकसय पचास प्रतिशत,

(ख) म्याद समाप्त भएको मितिले तीन वर्ष भित्र निवेदन पेश गरेमा - नवीकरण दस्तुरको दुईसय प्रतिशत,

(ग) म्याद समाप्त भएको मितिले पाँच वर्ष भित्र निवेदन पेश गरेमा - नवीकरण दस्तुरको तीनसय प्रतिशत,"

(४) उपदफा (३) पछि देहायको उपदफा (४) थप गर्ने,-

"(४) मूल ऐनको दफा १५ को उपदफा (४) मा रहेका "(२) वा (३)" भन्ने शब्दहरुको सट्टा "(३क)" भन्ने शब्द राखे।"

८. विधेयकको दफा १२ ले प्रस्ताव गरेको मुल ऐनको दफा १९ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने,-

"१९. <u>स्वमूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेः</u> (१) अस्पताल वा स्वास्थ्य संस्थाले आफुले प्रदान गरेको स्वास्थ्य सेवा तोकिए बमोजिमको गुणस्तर तथा मापदण्ड बमोजिम भए नभएको सम्बन्धमा हरेक बर्ष स्वःमुल्यांकन गरी आर्थिक बर्ष समाप्त भएको मितिले ३५ दिन भित्र तोकिए बमोजिमको दस्तुर बुझाई तोकिए बमोजिमको ढाँचामा मन्त्रालयमा स्वःमुल्यांकन प्रतिवेदन पेश गर्नु पर्नेछ।

९. विधेयकको दफा १४ ले प्रस्ताव गरेको मूल ऐनको दफा २२ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखेः

"२२. <u>समिति गठनः</u> (१) प्रदेशभित्रको स्वास्थ्य तथा जनसंख्या सम्बन्धी काम कारवाहीको, अनुगमन र नियमन कार्यलाई प्रभावकारी बनाउन, बहुक्षेत्रीय समन्वय र सहकार्य अभिवृद्धि गर्न एवं स्वास्थ्य तथा जनसंख्या सम्बन्धी नीतिगत सुझाव दिने लगायतका कार्यका लागि प्रदेश स्वास्थ्य तथा जनसंख्या समिति गठन हुनेछ।

(२) उपदफा (९) को सट्टा देहायको उपदफा (९) राखेः

"(९) स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रम तथा योजनाको कार्यान्वयन, समन्वय अनुगमन र मूल्याङ्कन गर्न, प्रदेश र स्थानीय तह बिचको समन्वय र सहकार्य प्रभावकारी

बनाउन, स्वास्थ्य समस्या पहिचान र समाधान गर्न, अभिलेख र प्रतिवेदन प्रणाली सुधार गर्न, विपद् तथा महामारीमा समन्वयात्मक रुपमा काम गर्न र जनस्वास्थ्य व्यवस्थापनको लागि मन्त्रालयले प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला जनस्वास्थ्य समन्वय समिति गठन गर्न सक्नेछ।

(क) प्रमुख, जनस्वास्थ्य कार्यालय -अध्यक्ष

(ख) प्रमुख वा प्रतिनिधि, प्रादेशिक अस्पताल -सदस्य

(ग) प्रमुख वा प्रतिनिधि, आयुर्वेद तथा बैकल्पिक चिकित्सालय -सदस्य

(घ) अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति -सदस्य

(ङ) प्रमुख, स्वास्थ्य महाशाखा वा शाखा, सबै स्थानीय तह -सदस्य

(च) समितिले आवश्यक ठानेको कुनै निकायको प्रतिनिधि वा बिज्ञ -सदस्य

(छ) अध्यक्षले तोकेको जनस्वास्थ्य कार्यालयको अधिकृत – सदस्य सचिव

१०. विधेयकको दफा १५ को,-

(१) उपदफा (१) झिक्ने।

(२) उपदफा (२) ले मुल ऐनको दफा २३ को उपदफा (१) को खण्ड (ज) पछि प्रस्ताव गरेको खण्ड (झ) लाई देहाय बमोजिम राख्ने:

"(झ) प्रदेशमा जनसंख्या तथा बसाईसराई व्यवस्थापन सम्बन्धी नीति र योजना तर्जुमा सम्बन्धि सल्लाह सुझाव दिने,"

११. विधेयकको दफा १६ ले मूल ऐनको दफा २५ को उपदफा (२) को सट्टा प्रस्ताव गरेको देहायको उपदफा (२) राख्ने :

"(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरू रहने छन्:-

(क) प्रमुख, अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा, मन्त्रालय -संयोजक

(ख) प्रमुख, योजना, अनुगमन तथा जनस्वास्थ्य महाशाखा, मन्त्रालय -सदस्य

(ग) कानुन अधिकृत, मन्त्रालय -सदस्य

(घ) नर्सिङ्ग अधिकृत, मन्त्रालय -सदस्य

(ङ) आयुर्वेद चिकित्सक/मेडिकल अधिकृत, मन्त्रालय -सदस्य सचिव

१२. विधेयकको दफा १७ ले प्रस्ताव गरेको मूल ऐनको दफा २६ को खण्ड (ज) र (ञ) को सट्टा देहायको खण्ड (ज) र (ञ) राख्ने

"(ज) प्रदेश स्तरीय औषधी र जनस्वास्थ्य निगरानी सम्बन्धी कार्य गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ञ) चिकित्सक र स्वास्थ्यकर्मीको स्वास्थ्य सेवा प्रदान सम्बन्धमा अनुगमन गर्ने तथा प्रचलित कानून र मापदण्ड विपरित सेवा प्रदान गरेको पाइएमा कारबाहीको लागि मन्त्रालय समक्ष सिफारिस गर्ने,"

१३. विधेयकको दफा १८ ले मुल ऐनमा थप गरेको परिच्छेद ४क. को

(१) दफा २६क. को उपदफा (९) झिक्ने।

(२) दफा २६क. को उपदफा (११) को खण्ड (च) झिक्ने।

(३) दफा २६क. को उपदफा (१२) मा रहेको " र (च)" भन्ने शब्दहरु झिक्ने।

(४) दफा २६ग. को उपदफा (३) मा रहेको "निर्णय बमोजिम" भन्ने शब्दहरु पछि "मन्त्रालयको सहमतिमा" भन्ने शब्दहरु थप गर्ने।

१४. विधेयकको दफा २२ मा मूल ऐनको दफा ५७ को सट्टा देहाय बमोजिमको दफा ५७ राख्ने:

"५७. प्रदेश स्वास्थ्य अनुसन्धान परिषद स्थापना हुने: (१) प्रदेश भित्रका विविध स्वास्थ्य समस्या, रोग रोकथाम, नियन्त्रण र उपचार सम्बन्धि बिषयमा बैज्ञानिक रुपले अध्ययन र अनुसन्धान गरी सो बमोजिम उपयुक्त योजना बनाउन र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न प्रदेश स्वास्थ्य अनुसन्धान परिषद स्थापना हुनेछ।

(२) परिषद्को काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) प्रादेशिक नीति, कानुन, मापदण्ड बमोजिम स्वास्थ्य समस्या, रोग रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने, गराउने,

(ख) प्रादेशिक अध्ययन तथा अनुसन्धान नीति तर्जुमा गरी पेश गर्ने,

(ग) जनसंख्या, बसाईसराई र परिवार नियोजन सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने,

(घ) स्वास्थ्य सम्बन्धि अध्ययन तथा अनुसन्धानको प्राथमिकता निर्धारण गर्ने

(ङ) स्वास्थ्य सम्बन्धि अध्ययन तथा अनुसन्धानको अभिलेख राख्ने र प्रतिवेदन प्रसार गर्ने

(च) प्रदेश भित्र स्वास्थ्य सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्न स्वीकृति प्रदान गर्ने,

(छ) स्वास्थ्य तथा जनसंख्या व्यवस्थापन र बसाईसराई सम्बन्धी अध्ययन तथा अनुसन्धानको नियमन गर्ने,

(ज) स्वास्थ्य तथा जनसंख्या र बसाईसराई सम्बन्धी तोकिए बमोजिमका अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्यहरु गर्ने,

(झ) स्वास्थ्य अनुसन्धान सम्बन्धी तोकिए बमोजिमका अन्य कामहरु गर्ने।

(३) परिषद्को गठन देहाय बमोजिम हुनेछ:-

(क) खण्ड (ख) बमोजिमको योग्यता र अनुभव भएको व्यक्ति मध्येबाट खुल्ला प्रतिष्पर्धाबाट प्रदेश सरकारबाट नियुक्त व्यक्ति - अध्यक्ष

(ख) चिकित्सा, नर्सिंग, जनस्वास्थ्य, औषधि, प्रयोगशाला लगायतको क्षेत्रका समस्या, रोग रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी अध्ययन तथा अनुसन्धानमा १० बर्ष अनुभव र कम्तिमां स्नातकोत्तर उपाधि प्राप्त गरेका व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनित गरेको एक जना महिला सहित ३ जना व्यक्ति -सदस्य

(ग) शिक्षाध्यक्ष, मदन भण्डारी स्वास्थ्य बिज्ञान प्रतिष्ठान -सदस्य

(घ) महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) महाशाखा प्रमुख, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(च) महाशाखा प्रमुख, मन्त्रालय -सदस्य

(छ) खण्ड (ख) बमोजिमको योग्यता र अनुभव भएको व्यक्तिमध्येबाट खुल्ला प्रतिष्पर्धा मार्फत मन्त्रालयबाट नियुक्त व्यक्ति -सदस्य सचिव

(४) उपदफा (३) को खण्ड (क) र (छ) बमोजिमका पदाधिकारी परिषदमा पूर्ण समय काम गर्नेछन।

(५) उपदफा (३) को खण्ड (क), (ख) र (छ) बमोजिमका पदाधिकारीको पदावधि चार बर्षको हुनेछ।

(६) कुनै व्यक्ति वा संस्थाले प्रदेश भित्र स्वास्थ्य अनुसन्धान गर्नको लागि परिषदको स्वीकृति लिनु पर्नेछ र परिषदले शर्त सहित स्वास्थ्य अनुसन्धान गर्न स्वीकृति दिन सक्नेछ।

(७) परिषद्को नाममा एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहाय बमोजिमका रकम रहने छन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) स्वदेशी, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) अध्ययन, अनुसन्धान र परामर्श सेवा प्रदान गरे गराए बापत प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम।

(८) परिषद्ले उपदफा (७) को खण्ड (ग) बमोजिम कुनै रकम प्राप्त गर्नु अघि मन्त्रालय मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(९) उपदफा (७) बमोजिम परिषद्को लागि प्राप्त भएको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक ईकाई कार्यालयको विविध खातामा जम्मा गर्नु पर्नेछ।

(१०) परिषद्को तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (७) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(११) परिषद्को कोषको सञ्चालन परिषद्को सदस्य सचिव र परिषद्को लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(१२) परिषद्को आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ र आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय तथा अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(१३) परिषद्‌को कार्यकारी प्रमुख अध्यक्ष हुनेछ र दैनिक प्रशासनिक कार्य सदस्य सचिवले गर्नेछन्।

(१४) परिषद्‌को कार्य संचालनको लागि परिषद्‌को निर्णय बमोजिम आवश्यक कर्मचारीहरु नियुक्ति हुन सक्नेछन र परिषदको कर्मचारी वा सदस्य सचिव नियुक्ति नभएसम्म मन्त्रालयले परिषदमा कामकाज गर्ने गरी मन्त्रालय मातहतका कर्मचारी कामकाजका लागि खटाउन सक्नेछ।

(१५) परिषद र परिषदको कोषको सञ्चालन सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. विधेयकको दफा २४ ले मूल ऐनमा थप गर्न प्रस्ताव गरेको दफा ६५क. को उपदफा (११) पछि देहायको उपदफा (१२) र (१३) थप गर्ने र उपदफाक्रम मिलाउने,-

"(१२) नेपाल सरकारसँगको समन्वय र सहकार्यमा प्रदेश सरकारले आफ्नो मातहतको निकायबाट मानव स्वास्थ्य उपचारका लागि आवश्यक पर्ने औषधि उत्पादन गर्न सक्नेछ।

(१३) प्रदेश सरकारले औषधि र औषधिजन्य सामाग्रीहरुको उत्पादन, गुणस्तर निर्धारण वा परीक्षण, अनुसन्धान, भण्डारण, बिक्री वितरण, विसर्जन तथा फार्मेसी दर्ता, अनुमति, सञ्चालन, अनुगमन, नियमन, नवीकरणका लागि मन्त्रालय मातहत औषधि व्यवस्थापन तथा नियमन केन्द्र स्थापना र संचालन गर्न सक्नेछ।"

१६. विधेयकमा देहायको दफा २५ थप गर्ने र दफाक्रम मिलाउने,-

"२५.मूल ऐनको दफा ६६ मा थपः मूल ऐनको दफा ६६ को उपदफा (१) मा देहायको खण्ड (र),(ल) र (व) थप गरिएको छः

(र) यस ऐनको दफा ३ को उपदफा (६) बमोजिमको कार्य नगरेमा,

(ल) यस ऐनको दफा ६५क. को उपदफा (७) बमोजिमको कार्य गरेमा,

(व) यस ऐनको दफा ६५क. को उपदफा (८) बमोजिमको कार्य गरेमा।"

१७. विधेयकको साविक दफा २५ को सट्टा देहायको दफा २५ राख्ने,-

"<u>२५. मूल ऐनको दफा ६७ मा संशोधनः</u> मूल ऐनको दफा ६७ को उपदफा (१) मा देहायको खण्ड (र),(ल) र (व) थप गरिएको छः-

(र) दफा ६६ को उपदफा (१) को खण्ड (र) विपरित कार्य गर्नेलाई पहिलो पटकको लागि रुपैया पच्चिस हजार र दोस्रो पटक गरेमा दोब्बर र तेस्रो पटकदेखि रुपैयाँ पाँच लाख जरिबाना,

(ल) दफा ६६ को उपदफा (१) को खण्ड (ल) विपरित कार्य गर्नेलाई रु.पाँच हजार देखि एक लाखसम्म जरिवाना,

(व) दफा ६६ को उपदफा (१) को खण्ड (व) विपरीत कार्य गर्नेलाई पाँच हजारदेखि पच्चिस हजारसम्म जरिवाना,

१८. विधेयकको साविकको दफा २६ ले मूल ऐनको दफा ७१ को उपदफा (५) पछि थप गर्न प्रस्ताव गरेको उपदफा (६) पछि देहायको उपदफा (७) थप गर्ने र विधेयकको उपदफाक्रम मिलाउनेः

"(७) स्वास्थ्य आपतकालीन तथा महामारीको अवस्थामा स्वास्थ्य क्षेत्रबाट संचालन गर्नु पर्ने तर नियमित कार्यक्रममा नपरेका अत्यावश्यक कार्यक्रम तथा क्रियाकलापहरु संचालनका लागि तत्काल आवश्यक पर्ने रकम कार्यविधि बनाई सञ्चालन गर्ने गरी मन्त्रालयमा एक स्वास्थ्य आपतकालीन कार्य संचालन कोष रहनेछ। "

१९. विधेयकको दफा २७ पछि देहाय बमोजिमको दफा २८ थप गर्ने र दफाक्रम मिलाउनेः-

"२८. <u>मूल ऐनको दफा ७७ मा संशोधनः</u> मूल ऐनको दफा ७७ को उपदफा (३) पछि देहाय बमोजिम उपदफा (४) थप गरिएको छः-

(४) उपदफा (१) बमोजिमको व्यवस्था गर्न वा स्वास्थ्य आपतकालिन तथा महामारीको अवस्थामा प्रदेश कानूनमा नसमेटिएका व्यवस्था वा कार्यहरु मन्त्रालयले प्रचलित कानून बमोजिम गर्न सक्नेछ।"

२०. विधेयकको साविकको दफा २८ को उपदफा (२) मा रहेको "अस्पताल तथा" भन्ने शब्दहरु झिक्ने।

# प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

बागमती प्रदेश सभा
शिक्षा, स्वास्थ्य तथा कृषि समिति
हेटौंडा, नेपाल

**बागमती प्रदेश सभा**

**शिक्षा, स्वास्थ्य तथा कृषि समिति**

**प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०८१**

१. प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यस पछि "विधेयक" भनिएको) को प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राख्ने,-

"प्रस्तावनाः आधुनिकीकरण, विविधीकरण, व्यावसायिकरण, सामुहिकीकरण, औद्योगिकीकरण मार्फत कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्दै रोजगारी सृजना गर्ने र दिगो आर्थिक विकासमा टेवा पुऱ्याई, कृषि क्षेत्रमा प्रवाह हुने सेवा, सुविधा, प्रविधि जस्ता कार्यक्रमलाई न्यायोचित, प्रभावकारी र पारदर्शी रुपबाट सञ्चालन गर्न र कृषि क्षेत्रको विकासलाई सहज, व्यवस्थित र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले, बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।"

२. विधेयकको दफा १ मा रहेको "२०८०" भन्ने अङ्कहरुको सट्टा "२०८१" राख्ने।

३. विधेयकको दफा २ को सट्टा देहायको दफा २ राख्ने,-

"२. परिभाषाः विषयं वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उत्पादक" भन्नाले व्यक्ति, कृषि समूह, सामुहिक कृषि सहकारी, संघ संस्था र निजी कम्पनीलाई जनाउँदछ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय मातहत रहेका बोर्ड, निर्देशनालय, कृषि विकास कार्यालय, पशु सेवा कार्यालय, फार्म र प्रयोगशाला केन्द्रलाई सम्झनुपर्दछ।

(ग) "किसान" भन्नाले कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने व्यक्ति सम्झनुपर्छ। सो शब्दले त्यस्तो व्यक्तिमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सो भन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने व्यक्ति वा त्यस्तो व्यक्तिमा आश्रित परिवारका अन्य सदस्यलाई समेत जनाउँछ।

(घ) "कृषि" भन्नाले बाली, पुष्प खेती, बागवानी, पशुपन्छी, माछा जस्ता कृषिका सबै उप क्षेत्रसँग सम्बद्ध उत्पादन, उद्योग एवं व्यवसायलाई सम्झनु पर्छ।

1

(ङ) "कृषि व्यवसाय" भन्नाले उत्पादन, प्रशोधन, भण्डारण र बजारीकरणसँग जोडिएर गरिने कृषि, पुष्पखेती, बागवानी, पशुपन्छी तथा मत्स्य क्षेत्रको जुनसुकै व्यवसायलाई सम्झनु पर्छ।

(च) "कृषि सेवाटेवा" भन्नाले मन्त्रालय र मन्त्रालय मातहतका कार्यालयद्धारा विभिन्न बाली, पुष्पखेती, बागवानी, पशुपन्छी तथा मत्स्यजन्य वस्तुको उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरणका लागि उपलब्ध गराउने सहयोगलाई सम्झनु पर्छ।

(छ) "गैर प्राकृतिक प्रकोप" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु, आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, जनावर आतङ्क, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुँहावट, ग्याँस विष्फोटन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति वा यस्तै गैरप्राकृतिक प्रकोप सम्झनुपर्दछ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ञ) "प्रदेश सरकार" भन्नाले बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।

(ट) "प्राकृतिक प्रकोप" भन्नाले हिमपात, डढेलो, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, तथा भू-स्खलन, डुबान, भूकम्प वा यस्तै अन्य प्राकृतिक प्रकोप सम्झनुपर्दछ।

(ठ) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(ड) "लाभग्राही" भन्नाले मन्त्रालय र मन्त्रालय मातहतका कार्यालयहरुद्धारा उपलब्ध गराइने सुविधा प्राप्त गर्ने व्यक्ति, कृषि समूह, सामुहिक कृषि सहकारी, संघ संस्था र निजी कम्पनी सम्झनु पर्छ।

४. विधेयकको दफा ३ को उपदफा (२) मा रहेका "किसान सूचीकरण" भन्ने शब्दहरू पछि "गरी किसान वर्गिकरण गर्ने" भन्ने शब्दहरू थप गर्ने।

५. विधेयकको दफा ५ को,-

१) उपदफा (१) मा रहेका "कृषि व्यवसायहरू" भन्ने शब्दहरू पछि "मन्त्रालयले" भन्ने शब्द थप गर्ने र "जिल्ला स्थित" भन्ने शब्दहरु पछि रहेको "मन्त्रालयले" भन्ने शब्द झिक्ने।

२) उपदफा (२) मा रहेका "कृषि व्यवसायहरुको हकमा" भन्ने शब्दहरु पछि "यो ऐन प्रारम्भ भएको" भन्ने शब्दहरु थप गर्ने।

2

६. विधेयकको दफा ७ को उपदफा (२) मा रहेको **"२ वर्षको"** भन्ने शब्दहरुको सट्टामा **"५ वर्षको"** भन्ने शब्दहरु राख्ने।

७. विधेयकको दफा ९ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नेः-

**"(३) यस ऐन बमोजिम सूचीकृत भएका किसान व्यवसाय वा संस्थाद्वारा उत्पादित कृषि उपज बिक्री वितरण हुन नसकेको खण्डमा प्रदेश सरकारले खरिद बिक्री लगायत बजारीकरणको लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।"**

८. विधेयकको दफा १२ को उपदफा (१) मा रहेका **"गर्न सक्नेछ"** भन्ने शब्दहरुको सट्टा **"गर्नेछ"** भन्ने शब्द राख्ने।

९. विधेयकको दफा १३ को उपदफा (३) मा रहेका "गर्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा **"गर्नेछ"** भन्ने शब्दहरु राख्ने।

१०. विधेयकको दफा १४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्नेः-

**"(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालय वा कार्यालयले कृषि उपजको उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण र निर्यात प्रवर्द्धनमा सहयोग गर्न सेवा टेवा उपलब्ध गराउनेछ।"**

११. विधेयकको दफा १५ को,-

१) उपदफा (१) मा रहेको **"सूचीकृत किसानलाई"** भन्ने शब्दहरुको सट्टा **"सूचीकृत किसानहरुलाई"** भन्ने शब्दहरु राख्ने र **"गराउन सक्नेछ"** भन्ने शब्दहरुको सट्टा **"गराउनेछ"** भन्ने शब्द राख्ने।

२) उपदफा (२) मा रहेको **"गर्न सक्नेछ"** भन्ने शब्दहरुको सट्टा **"गर्नु पर्नेछ"** भन्ने शब्दहरु राख्ने।

१२. विधेयकको दफा १६ को सट्टा देहायको दफा १६ राख्नेः-

**"१६. रैथाने बालीको संरक्षण र प्रवर्द्धन गर्नुपर्नेः (१) प्रदेशमा उत्पादन हुने रैथाने बालीको अभिलेखीकरण र सोको सूची तयार गरी रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन गर्नुपर्नेछ।**

**(२) उपदफा (१) बमोजिमको कार्य गर्नका लागि प्रदेश सरकारले रैथाने बाली उत्पादन हुने र उत्पादनको सम्भावना भएका पकेट क्षेत्रको विकास गर्ने, रैथाने बाली उत्पादनमा संलग्न कृषकलाई विशेष अनुदान उपलब्ध गराउने जस्ता संरक्षणात्मक र प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्नेछ।**

**(३) उपदफा (२) बमोजिम सञ्चालन गरिने कार्यक्रमको कार्यविधि मन्त्रालयले तयार गरी लागू गर्नेछ।"**

3

१३.विधेयकको दफा १७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखेः-

"(१) प्राकृतिक तथा गैर प्राकृतिक प्रकोपबाट कृषिमा पुग्न जाने क्षति बापत सम्बन्धित कृषकलाई उचित क्षतिपूर्ति प्रदान गर्नुपर्नेछ र यसको लागि सम्बन्धित स्थानीय वडाको सिफारिसमा जिल्ला स्थित कृषि सम्बन्धी कार्य हेर्ने कार्यालयले गरेको सिफारिसको आधारमा गरिनेछ।"

१४. विधेयकको परिच्छेद-४ को शिर्षकमा रहेको "गुणस्तर" भन्ने शब्दको सट्टा "गुणस्तरको" भन्ने शब्द राखे।

१५.विधेयकको दफा १८ को,-

१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखेः-

"(२) उपदफा (१) बमोजिम गरिने निगरानीका लागि गुणस्तर र असल कृषि अभ्यासको प्रोत्साहन, पशुपन्छी पालन सम्बन्धी असल अभ्यासमा प्रोत्साहन, विषादी अवशेष परीक्षण जस्ता विधि अवलम्बन गरिनेछ।"

२) उपदफा (२) पछि देहायको उपदफा (३) थप गर्नेः-

"(३) उपदफा (२) बमोजिम अन्य विधि तोकिए बमोजिम हुनेछ।"

१६.विधेयकको दफा १९ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखेः-

"(१) बालीनालीमा लाग्ने रोग, कीरा नियन्त्रणको लागि प्रयोग हुने विषादीको उत्पादन, गुणस्तर, प्रयोग र बजारीकरणको नियमन गरिनेछ।"

१७.विधेयकको दफा २० को,-

१) "प्रदेशभित्र उत्पादन, विक्री वितरण" भन्ने शब्दहरुको सट्टा "प्रदेशभित्र उत्पादन र विक्री वितरण" भन्ने शब्दहरु राखे।

२) "दर्ता अनुज्ञापत्र" भन्ने शब्दहरुको सट्टा "दर्ता अनुमतिपत्र" भन्ने शब्दहरु राखे।

१८. विधेयकको दफा २१ को सट्टा देहायको दफा २१ राखेः-

"२१.परिषद्को गठनः (१) नागरिकको खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी अधिकारको संरक्षण, प्रवर्द्धन तथा परिपूर्ति सम्बन्धी कार्यलाई व्यवस्थित गर्न देहाय बमोजिम एक प्रदेश खाद्य परिषद् रहनेछः-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) सदस्य (कृषि सम्बन्धी विषय हेर्ने), प्रदेश नीति तथा योजना आयोग – सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(घ) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य

(ङ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(च) प्रमुख, खाद्य प्रविधि तथा गुण नियन्त्रण, प्रादेशिक कार्यालय - सदस्य

(छ) प्रतिनिधि, राष्ट्रिय कृषक समूह महासंघ(बागमती प्रदेश) - सदस्य

(ज) प्रतिनिधि, राष्ट्रिय किसान महासंघ (बागमती प्रदेश) - सदस्य

(झ) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको क्षेत्रमा कार्यरत, सम्बन्धित विषयमा स्नातकोत्तर गरेको एक महिला सहित मन्त्रालयले मनोनयन गरेको दुई जना विज्ञ – सदस्य

(ञ) मन्त्रालयले तोकेको महाशाखा प्रमुख, कृषि तथा पशुपन्छी विकास मन्त्रालय- सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (झ) बमोजिमका मनोनीत सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।

(३) समितिले आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्ने सक्नेछ।

१९. विधेयकको दफा २२ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखे:-

"(क) प्रदेशको समग्र खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न अंगीकार गर्नुपर्ने नीति तथा योजनाका सम्बन्धमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,"

(२) खण्ड (ग) मा रहेको "अद्यावधिक अभिलेख राख्नका लागि" भन्ने शब्दहरुको सट्टा "अद्यावधिक अभिलेख राखी उल्लिखित खाद्य तथा पोषणबाट हुने जोखिमबाट बचाउन" भन्ने शब्दहरु राखे।

(३) खण्ड (छ) मा रहेको "खाद्यको सञ्चिति," भन्ने शब्दहरु पछाडि रहेको "सञ्चिति" भन्ने शब्द झिक्ने।

(४) खण्ड (ज) मा रहेको "योजना बनाई लागू गर्ने" भन्ने शब्दहरुको सट्टा "योजना बनाई कार्यान्वयनको लागि सिफारिस गर्ने" भन्ने शब्दहरु राखे।

(५) खण्ड (ड) पछाडि देहायको खण्ड (ढ) र खण्ड (ण) थप गर्ने:-

"(ढ) बाहिरबाट आउने बीउ, विजन र विषादी अनुगमन, नियन्त्रण गर्ने/गराउने।"

"(ण) खाद्य आयात प्रतिस्थापन गर्ने।"

२०. विधेयकको दफा २४ को उपदफा (१) मा रहेको "कृषि अनुसन्धानका लागि" भन्ने शब्दहरु पछि "एक" भन्ने शब्द थप गर्ने।

२१. विधेयकको दफा २५ मा रहेको **"कृषि क्षेत्रको"** भन्ने शब्दहरु अगाडि रहेको **"समग्र"** भन्ने शब्द झिक्ने।

२२. विधेयकको दफा २६ को उपदफा (२) मा रहेको **"मिलाउनुपर्नेछ"** भन्ने शब्दको सट्टा **"तोकिए बमोजिम हुनेछ"** भन्ने शब्दहरु राख्ने।

२३. विधेयकको दफा २७ को,-

(१) उपदफा (२) मा रहेको **"व्यक्तिलाई"** भन्ने शब्दको सट्टा **"लाभग्राहीलाई"** भन्ने शब्द राख्ने।

(२) उपदफा (४) मा रहेको **"पाँच वर्ष सम्म"** भन्ने शब्दहरु पछाडि **"कृषि"** भन्ने शब्द थप गर्ने।

२४. विधेयकको दफा २८ मा रहेको **"सेवाटेवा लिने"** भन्ने शब्दहरु अगाडि **"कृषि"** शब्द थप गर्ने र **"लाभग्राहीले"** भन्ने शब्दको पछाडि रहेको **"सेवाटेवाको"** भन्ने शब्द झिक्ने।

२५. विधेयकको दफा २९ मा रहेको **"१५ दिनभित्र"** भन्ने शब्दहरुको सट्टा **"३५ दिनभित्र"** भन्ने शब्दहरु राख्ने।

6

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

बागमती प्रदेश सभा
शिक्षा, स्वास्थ्य तथा कृषि समिति

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धी समितिको प्रतिवेदन

१. मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७६ लाई लाई संशोधन गर्न बनेको विधेयक (यस पछि प्रस्तावित विधेयक भनिएको) को दफा ३ हटाउने।

२. प्रस्तावित विधेयकको दफा ४ को उपदफा (१) हटाउने।

३. प्रस्तावित विधेयकको दफा ४ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखेः-

"(२) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थप गरिएको छः-

(छ१) सचिव, स्वास्थ्य विषय हेर्ने मन्त्रालय – सदस्य "

४. प्रस्तावित विधेयकको दफा ४ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखेः-

"(३) खण्ड (ण) पछि देहायको खण्ड (त) र (थ) थप गरिएको छः-

(त) निर्देशक, हेटौंडा अस्पताल - सदस्य

(थ) रजिष्ट्रार, प्रतिष्ठान – सदस्य सचिव"

५. प्रस्तावित विधेयकको दफा ५ पछि देहायका दफाहरु (६) र (७) थप गरिएका छनः-

"(६) <u>मूल ऐनको दफा २२ मा संशोधनः</u>- मूल ऐनको दफा २२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

(१) हेटौँडा अस्पतालको प्रशासकीय प्रमुखको रुपमा काम गर्नको लागि स्थायी दरबन्दीमा कार्यरत प्रमुख/वरिष्ठ चिकित्सक मध्येबाट उपकुलपतिको सिफारिसमा सहकुलपतिले निर्देशकको नियुक्ति गर्नेछ।

(७) मूल ऐनको दफा २८ मा संशोधनः- मूल ऐनको दफा २८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

(२) प्रतिष्ठानको आन्तरिक लेखापरीक्षण प्रतिष्ठानको आन्तरिक लेखापरीक्षकबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।"

# प्रदेश प्रमुखबाट सन्देश सहित फिर्ता आएको प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको प्रतिवेदन

बागमती प्रदेश सभा
शिक्षा, स्वास्थ्य तथा कृषि समिति

**प्रदेश प्रमुख बाट सन्देश सहित फिर्ता आएको प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धी समितिको प्रतिवेदन २०८१**

१. प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यस पछि विधेयक भनिएको) को दफा १४ मा रहेको "मन्त्रालय वा" भन्ने शब्दहरु हटाउने।

२. विधेयकको दफा १५ को उपदफा (१) मा रहेको **"प्रदेश सरकारले"** भन्ने शब्दहरुको सट्टा **"कार्यालयले"** भन्ने शब्द राख्ने।

३. विधेयकको दफा २७ को उपदफा (१) मा रहेको **"मन्त्रालय वा मातहतको"** भन्ने शब्दहरु हटाउने।

४. विधेयकको दफा २९ मा रहेको **"मन्त्रालयको सचिव"** भन्ने शब्दहरुको सट्टा **"एक तह माथिको पदाधिकारी"** भन्ने शब्दहरु राख्ने।

५. विधेयकको दफा २१ को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राख्नेः-
**" (ञ) महाशाखा प्रमुख, मन्त्रालय – सदस्य सचिव"**

६. विधेयकको दफा २१ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्नेः-
**" (३) समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ"।**

७. विधेयकको दफा २१ को उपदफा (३) पछि देहायको उपदफाहरु थप गर्नेः-
**"१. विशेष परिस्थितिमा बाहेक वर्षमा कम्तिमा ४ पटक परिषद्को बैठक बस्नेछ।**

२. परिषदको गणपूरक संख्या ५१ प्रतिशत हुनेछ।

३. परिषदको कार्यालय मन्त्रालयमा हुनेछ।

४. बैठकको निर्णयको प्रमाणित अध्यक्ष र सदस्य सचिवले गर्नेछ।

५. सदस्यले प्राप्त गर्ने सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

६. खण्ड (झ) बमोजिम मनोनित हुने सदस्यको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक

(ख) ३५ वर्ष उमेर पूरा भएको

(ग) सम्बन्धित क्षेत्रमा कम्तिमा ५ वर्ष अनुभव भएको

७. खण्ड (झ) बमोजिम मनोनित हुने सदस्य पदमुक्त हुने अवस्था देहाय बमोजिम हुनेछः-

(क) निजले राजिनामा दिएमा

(ख) निजको मृत्यु भएमा

(ग) फौजदारी कसुर ठहर भएमा

(घ) नेपाली नागरिक नरहेमा

(ङ) मन्त्रालयले पदमुक्त गरेमा

तर, निजलाई पदमुक्त गर्नु अगाडि मनासिव सफाईको मौका दिनुपर्नेछ।"

# अनुसूची-४

## समिति अनुगमनका तस्विरहरु




आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, रामेछाप




पृथ्वी माध्यमीक विद्यालय, नुवाकोट




खेलकुद विकास समिति, धादिङ




टिमुरे स्वास्थ्य चौकी, रसुवा




जनस्वास्थ्य कार्यालय, धादिङ




त्रिशूली अस्पताल, नुवाकोट




रामेछाप अस्पताल, रामेछाप



खेलकुद विकास समिति, धादिङ




कृषि विकास कार्यालय, सिन्धुली



सिन्धुली अस्पताल, सभाहल



सामाजिक विकास कार्यालय, धादिङ




जनस्वास्थ्य कार्यालय, सिन्धुली

## अनुसूची-५

## विधेयकमाथि छलफल तथा समिति बैठकका तस्विरहरु













*विषयगत समिति सभापतिहरुको बैठक*



*वार्षिक प्रतिवेदन तयारी उपसमितिका संयोजकज्यूले प्रतिवेदन सभापतिज्यूलाई बुझाउनुहुँदै*



*माननीय सभापतिज्यूले समितिको छैठौं वार्षिक प्रतिवेदन माननीय सभामुखसमक्ष पेश गर्नुहुँदै*